जनहितमा जारी

आफ्नो घर वरपर तथा सडकमा सफाइ मापदण्डको पालना गरौं ।

समर्पण सेवा संस्था



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com



रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने गरौं। घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ पुस ०८ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 December 23 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११७


## आठवटा पालिकाले भत्ता वितरण नगर्दा ज्येष्ठ नागरिक मर्कामा

प्रस, वीरगंज, ७ पुस/

पर्सा जिल्लामा अहिले पनि ६ वटा धाउँदै आएको तर भत्ता दिनेतर्फ अग्रसरता नदेखाएको भन्दै उनीहरूले गापा चौमासिकको सामाजिक सुरक्षा भत्ता छठअघि वितरण गरेको थियो। अहिले



धोबिनी गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता माग्दै एकल महिला, ज्येष्ठ नागरिक। गापाको कार्यालयमा कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा बन्द अवस्थामा। तस्वीरः प्रतीक

पालिकाले मात्र सामाजिक सुरक्षा भत्ता वितरण गरेका छन् भने ८ वटा पालिकाले सो भत्ता वितरण गर्न सकेका छैनन्।

प्रत्येक वर्ष पहिलो चौमासिकको अन्तिम महीना कात्तिकमा सामाजिक सुरक्षा भत्ता वितरण हुँदै आएको थियो।

चाडपर्वलाई मध्यनजर गर्दै विगत वर्षहरूमा पहिलो चौमासिकको दशैंअगावै वा दशैंपछि भत्ता वितरण भएपनि अहिले चाडपर्वहरू बितेर दोस्रो चौमासिकको पहिलो महीना बितिसक्दा पनि सामाजिक सुरक्षा भत्ता वितरण भएको छैन। वितरण नभएका पालिकाहरूमा एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गहरूले सामाजिक सुरक्षा भत्ताको माग गरिरहेका छन्। यसै क्रममा धोबिनी गाउँपालिकामा सोमवार उनीहरूले भत्ता माग गर्दै विरोध गरे। भत्ताका लागि चार/पाँच पटक गापाको कार्यालयमा प्रमुख, प्रमुख प्रशासकीय अधिकृतविरुद्ध आक्रोश पोखेका थिए। जनप्रतिनिधिहरू करोड पर्ने सवारीसाधनमा चढ्ने तर सरकारले दिएको भत्ता समयमा वितरण गर्नेतर्फ जिम्मेवार नहुने भन्दै एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गहरूले जनप्रतिनिधिविरुद्ध आक्रोश पोखेका थिए।

पर्सा जिल्लाका पटेर्वासुगौली र जगरनाथपुर गापा, पर्सागढी, बहुदरमाई र पोखरिया नगरपालिकाले सामाजिक सुरक्षाभत्ता वितरण गरिसकेका छन्।

वीरगंज महानगरपालिकाले पुस मसान्तमा भत्ता वितरण गर्ने तयारी गरेको छ। वडा कार्यालयहरूबाट विवरण आउन ढिला भएकोले भत्ता वितरण गर्न नसकेको महानगरपालिकाले जनाएको छ।

विवरण प्राप्त हुनासाथ भत्ता वितरण गर्ने कार्यालयले जानकारी गराएको छ।

पोखरिया नगरपालिकाले मात्र पहिलो दोस्रो चौमासिकको पहिलो महीना बितिसक्दा पनि भत्ता वितरण नहुँदा भत्ताको भरमा दैनिक जीवनयापन गर्नेहरूले आर्थिक समस्याको सामना गर्नुपरिरहेको बताएका छन्। सामाजिक सुरक्षा भत्ताका लागि कोलेनिकाबाट रकम निकासा भइसकेको छ। तर पनि वितरणमा पालिकाहरूले चासो नदेखाउँदा अहिले यो भत्ता माग गर्नेहरूको सङ्ख्या बढिरहेको हो।

ठोरी गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णबहादुर श्रेष्ठले बैंकिङ प्रणालीबाट भत्ता वितरण हुने हुँदा पहिलो चौमासिकको भत्ता वितरणमा ढिला भएको बताए। उनले खाता खोल्ने कार्य सम्पन्न भएको र सोको रुजु गर्ने काम अन्तिम चरणमा पुगेको भन्दै आगामी केही दिनमैं गापाले भत्ता बैंकमा जम्मा गर्ने र सरोकारवालाले निकाल्न सक्ने बताए।

## नेउवामहासङ्घका नवनिर्वाचित पदाधिकारीहरूको सम्मान

प्रस, वीरगंज, ७ पुस/

वीरगंज उद्योग वाणिज्य सङ्घले थियो।

सो अवसरमा महासङ्घका अध्यक्ष आर्थिक मुद्दाहरूको चाङ लागेको र त्यसमा पनि मोफसलका उद्योगी,




तस्वीरः सौजन्य

नेपाल उद्योग वाणिज्य महासङ्घका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सम्मान गरेको छ।

वीउवासङ्घको सभाकक्षमा अध्यक्ष गोपाल केडियाको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा नवनिर्वाचित अध्यक्ष शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, जिल्ला नगर उवासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठ, एशोसिएट समूहका उपाध्यक्ष रामचन्द्र संघई, कार्यकारी सदस्यहरू अरुणराज सुमार्गी, डिबी बस्नेत, विजय शाहलाई सम्मान गरिएको गोल्छाले निजी क्षेत्रका साझा समस्याहरूलाई विगतका दिनहरूभन्दा अझ प्रभावकारी तरीकाबाट अगाडि बढाउने बताए। उनले आफ्नो नेतृत्वले दैनिक दुई बजे नियमितरूपमा महासङ्घको सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको जानकारी गराए।

कार्यक्रममा वीउवासङ्घका अध्यक्ष गोपाल केडियाले स्वागत गर्दै देशमा उद्योग, व्यापार, व्यवसाय, बैंक, वित्तीय संस्था, कर, राजस्व तथा निजी संस्थासँग प्रत्यक्ष र परोक्षरूपमा सरोकार राख्ने व्यवसायीहरूको समस्या झन् जटिल अवस्थामा रहेको बताए।

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले महानगरपालिकाले जिल्लाका अर्थकर्मीहरूको लागि विशेष योजना ल्याएको बताए। उनले सो अवसरमा नवनिर्वाचित पदाधिकारी, सदस्यहरूलाई खाँदा ओढाएर सम्मान गरेका थिए। कार्यक्रममा वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष सुबोध गुप्ताले धन्यवाद ज्ञापन गरेका थिए।

## सिल सीमाबारे दुवै देशका प्रबुद्धबीच छलफल

प्रस, वीरगंज, ७ पुस/

खुला सीमाबारे मङ्गलवार ह्युमन वीउवासङ्घका पूर्वअध्यक्ष अशोककुमार बैदले भारतीय सिजनमा हजारौं विवाह हुने गरेको र सो कार्य सीमा सिल हुँदा प्रभावित भएको






वीरगंज-रक्सौल खुला सीमाबाट आवतजावत गर्दै दुवै देशका नागरिक तथा भर्चुअल संवादमा छलफल गर्दै सहभागीहरू। तस्वीरः प्रतीक

राइट्स जर्नालिस्ट एशोसिएशनले पर्सा, बारा र भारतीय नागरिकहरूसँग भर्चुअल संवाद गरेको छ।

लकडाउनसँगै नेपाल-भारत खुला सीमा सिल गरिएको र पछिल्लो समयमा भारतले एकतर्फीरूपमा आफ्नो सीमा खुला गर्दा पनि नेपालले सीमा खुला नगर्दा देखिएका समस्याबारेमा भर्चुअल संवादमा दुवैतर्फका सहभागीहरूले आआफ्नो कुरा राखेका थिए।

नेपालतर्फबाट सहभागी ठाकुर राम बहुमुखी क्याम्पसका समाजशास्त्रका प्राध्यापक वीरेन्द्रप्रसाद साहले कोरोना सङ्क्रमणमा खुला सीमा बन्द गरिएको कारण नेपालको वीरगंज क्षेत्र कोरोना हटस्पट हुनबाट जोगिएको तर्क गरे। उनले भारतबाट आउनेहरूले कोरोना सङ्क्रमण फैलाउन सक्ने सम्भावना सीमा बन्दको कारण टरेको बताए।

सवारीसाधनको अभावमा वीरगंजवासीले महँगो दरमा भाडाका सवारीसाधन प्रयोग गर्नुपरेको बताए। उनले सीमा खुला गर्दा व्यापार सहज हुनुका साथै सवारीसाधनहरूको प्रयोगमा पनि सुविधा हुने तर्क गरे।

प्रहरी उपरीक्षक गङ्गा पन्तले खुला सीमाको कारण नेपालबाट गाँजा, चरेस र भारतबाट प्रतिबन्धित नशालु औषधिहरू भित्रिने गरेको र यसबाट दुवैतर्फका मानिसलाई समस्या हुने गरेको भन्दै सोतर्फ सबैले ध्यान पुऱ्याउनुपर्ने सुझाव दिइन्।

भारत, रक्सौलका प्राध्यापक अनिल सिन्हाले नेपाल-भारतबीच रोटीबेटीको सम्बन्ध रहेको र लामो समयसम्म खुला सीमा बन्द हुँदा वैवाहिक तथा सामाजिक कार्य प्रभावित भएको बताए। उनले भारत र नेपालका नागरिकबीच वैवाहिक बताए। भारतले आफ्नो सीमा खुला गरेको लामो समयसम्म नेपालले सीमा बन्द गर्दा दुवै देशका नागरिकले सामाजिक कार्यमा समस्या झेल्नुपरेको उनको भनाइ थियो।

भर्चुअल संवाद कार्यक्रममा नेपालतर्फबाट पूर्वप्रधानन्यायाधीश कल्याणबहादुर श्रेष्ठ, परराष्ट्रविद् भेषबहादुर थापा, पत्रकार अखिलेश उपाध्याय, नगरप्रमुख विजयकुमार सरावगी, नेपाल पत्रकार महासङ्घ प्रदेश २ का अध्यक्ष दीपेन्द्र चौहान, बाराका पत्रकार लक्ष्मी साह, पर्साका पत्रकारहरू सुषमा शर्मा, तिवारी यादव, जियालाल साह, माधुरी महतो, आरके पटेललगायत सहभागी थिए भने भारत रक्सौलबाट उपेन्द्र तिवारी, महेश अग्रवाल, दीपक अग्निरथ, विजय गिरी, अरुण गुप्ता, विपिन कुशवाहा, राजेश केसरीवाललगायत सहभागी थिए।

## नारायणी अस्पतालमा क्यान्सर र टिबीको पनि परीक्षण हुने

प्रस, परवानीपुर, ७ पुस/

नारायणी अस्पताल वीरगंजमा फाइन निडर आस्पिरेशन सिटोलोजी (एफएनएसी) प्रविधिबाट क्यान्सर र क्षयरोग पत्ता लगाउने ल्याब स्थापना भएको छ।

पुस ४ गतेदेखि सुईको माध्यमबाट कोषमा भएको रोगलाई परीक्षण गर्ने विधिबाट क्यान्सर र क्षयरोग पत्ता लगाउने परीक्षण शुरू गरिएको प्याथोलोजिस्ट डा नीरा पाठकले बताइन्।

नारायणी अस्पतालमा यसअघि यो सेवा थिएन। वीरगंजको मेडिकल कलेज, मङ्गलम, प्रभु अस्पतालमा यसको जाँच हुन्छ।

अहिले दैनिक दुईवटा नमूना परीक्षण भइरहेको र परीक्षण चरण पार गरिसकेपछि अस्पतालले स्वीकृति लिएपछि केही शुल्क तोकेर परीक्षण नियमित गर्ने लक्ष्य रहेको उनले बताए।

त्यसैगरी, नारायणी अस्पतालमा माइक्रोबायोलोजिस्ट डा प्रभाकरराज पाण्डे आइसकेको र केही दिनमा रगत र पिसाबको कल्चर गरिने नारायणी अस्पतालको प्रयोगशालाले जनाएको छ।

नारायणी अस्पतालमा विभिन्न भाइरसबाट लाग्ने रोगहरू जस्तै टाइफाइड, मलेरिया, कालाज्वरका बिरामीहरूको रगत र पिसाबको कल्चर नहुँदा महँगो शुल्क तिरेर वीरगंजका निजी ल्याबमा यस्ता परीक्षण हुँदै आएका छन्।

नारायणीमा यी सेवाहरू शुरू भएपछि गरीब, विपन्न, मध्यमवर्गीय परिवार लाभान्वित हुनेछन्।

जिन्दगीको सफरको बाटो कहाँ समाप्त हुन्छ र, इच्छा जहाँ समाप्त भयो, सफर त्यहीं सफल हुन्छ ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## आकाश खसेको छैन

झन्डै दुई तिहाइ बहुमत रहेको सङ्घीयसभा वाम गठबन्धनकै सरकारले विघटन गरेपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा ठूलै तरङ्ग पैदा भएको छ। जहानियाँ राणाशासनपछि २०१५ सालमा जननिर्वाचित नेपाली काङ्ग्रेसको दुई तिहाइ सरकारलाई राजा महेन्द्रले २०१७ सालमा अपदस्थ गर्दा मुलुक र मुलुकबाहिर जुन किसिमको हलचल पैदा भएको थियो, झन्डै त्यही अनुपातमा अहिले पनि तरङ्गित हुन खोजिरहेको छ । २०१७ सालको काण्ड अघि र पछि छिमेकी मुलुक भारत र चीन जति चासो र चनाखो बनेका थिए, अहिले पनि त्योभन्दा कम छैनन् । प्रतिक्रिया देखाउने र नदेखाउने फरक कुरा हुन् । नेपालको राजनीतिसँग उनीहरूको स्वार्थ प्रत्यक्षरूपमा जोडिएकाले पनि यसो भएको हो। वर्तमान घटनाक्रममा चीनले आफ्नो प्रयास असफल भएको महसूस गरेको तर चीनको असफलताबाट भारत उत्साहित भएको कुरा दुवैतर्फका विज्ञहरूको यसबीचमा सार्वजनिक धारणाबाट प्रस्ट भइसकेको छ।

मुलुकवासीले वाम गठबन्धनको सरकारबाट आवश्यकताभन्दा बढी अपेक्षा राखे। आज त्यो सपना एकैपटक तुहिंदा पहराबाट खसेझैं अनुभूति भएको मात्रै हो । नेकपा एमाले र माओवादी हिजो कहिल्यै पनि एक थिएनन्। २०४६ सालको परिवर्तनपछि जब जनमोर्चाले संसदीय चुनावलाई भन्डाफोर गर्ने भन्दै मत मागेर ९ सिट जित्यो, त्यति बेलादेखि नै दूरी बढ्दै गएको हो । जनयुद्धकालमा एकले अर्कोलाई सिध्याउनेसम्मका खेलहरू नभएका होइनन्। खुला परिवेशमा आएपछि पनि छुट्टाछुट्टै चुनाव लड्दै आएका दुई दल, बितेको सङ्घ र प्रदेशको चुनावमा पनि आआफ्नै चुनाव चिह्नबाट लडेका हुन् । स्थानीय चुनावसम्म त तत्कालीन एमालेको राप्रपासँग र माओवादी केन्द्रको नेपाली काङ्ग्रेससँग नजदिकी थियो । संसदीय चुनावमा छुट्टाछुट्टै चुनाव लड्दा आफूहरू सिद्धिने देखेपछि दुई अध्यक्षले चोचोमोचो मिलाएका हुन् । त्यसलाई ऐतिहासिक घोषणा भनेर जनताले पत्याइदिए। दुई अध्यक्षको घोषणा छिट्टै पर्दाफाश हुने कुरा राजनीतिक विश्लेषकहरूले उत्तिबेला नै टिप्पणी गरेका थिए। एमालेतर्फका वामदेव गौतम र माओवादीतर्फका नारायणकाजी श्रेष्ठ जस्ता हस्तीहरू सङ्घीय चुनावमा पराजित हुनुले पनि 'दुई पार्टीबीच देखावटी मेल मात्रै हो आन्तरिक होइन' भन्ने सङ्केत गरेको थियो । चुनावपछि छुट्टाछुट्टै दलझैं भागबन्डाको आधारमा सङ्घ/प्रदेश सरकार गठन भएको थियो ।

मध्यावधि घोषणा वा समय छँदा नै प्रतिनिधिसभाको अवसान गराइएका घटना मुलुकको लागि नयाँ होइन। राजा महेन्द्रदेखि कोइराला, अधिकारी, देउवा, भट्टराईलाई मुलुकले भोगिसकेको छ । नयाँ संविधान अनुसार प्रक्रियाको बारेमा अदालतले व्याख्या गर्ने नै छ । तर चुनाव होस् या नहोस् मुलुकवासीले यसलाई कसरी ग्रहण गर्छन्, त्यो मुख्य कुरा हो। आकाशै खस्यो भन्ने ठानेर धैर्यता गुमाउने र स्थितिलाई उत्तेजित पार्ने समय अहिले छैन। स्थिति बिग्रँदै गएमा ओली सरकारको अर्को कदम के हुन सक्छ भन्ने कुरा अनुमान लगाउन अब त्यति गाह्रो छैन। शक्ति प्रदर्शनबाट गलाउनलाई हिजोका राजा वीरेन्द्र वा ज्ञानेन्द्र जति पनि उद्धार दिल ओलीको छ भनेर सोच्नु भूल हुनेछ। यसर्थ सकभर कानूनी बाटो एवं शान्तिपूर्ण जनदबाबबाट संसद् ब्यूँताउने प्रयास गर्नुपर्छ । यदि सम्भव नभए चुनावलाई पनि स्वीकार गर्दै लोकतान्त्रिक प्रक्रियालाई अगाडि बढाउनु मुलुकको हितमा हुनेछ ।

# अधिनायकवादी "कु"

स्वतन्त्र विचार



विनोद गुप्ता

**उनी प्रजातन्त्रवादी भएको भए आफ्नो पार्टीको आन्तरिक विधानसम्मत प्रक्रियाबाट लडाइँ लड्न सक्नुपर्ने थियो । दुई तिहाइको बहुमत भएको प्रधानमन्त्री र प्रतिपक्षको अत्यन्त नगन्य प्रतिरोध भएको अवस्थामा प्रमले 'घर फुटे गवार लुटे'को उक्ति चरितार्थ गरेका छन् ।**

प्रधानमन्त्री केपीशर्मा ओलीले अन्ततः नेकपाको आन्तरिक पार्टी विवादको समाधान गर्न देशलाई नै भड्खालोमा हाल्ने काम गर्दै राष्ट्रपतिसमक्ष संसद् विघटनको सिफारिश गर्नुभएको चार घण्टाभित्र नै महामहिमले मन्त्रिपरिषद्को सिफारिश सदर गर्दै प्रतिनिधिसभा भङ्ग गरेकी हुन् । वर्तमान संविधानमा हुँदै नभएको व्यवस्था वा भनौं भएको विघटनको व्यवस्थाको अपव्याख्या गरी चुनावको मितिसमेत घोषणा गरिएको छ। यो घटनाले मैले गताङ्कमा लेखेको 'यसरी रेटिदैंछ घाँटी प्रजातन्त्रको' भन्ने लेखमा स्टेवेन लेवस्की र डेनियल जिब्लाटको पुस्तक 'हाउ डेमोक्रेसी डाइ' पुस्तकको सन्दर्भ उल्लेख गर्दै प्रजातन्त्रको तेस्रो लहरको क्रममा थुप्रै मुलुकमा संविधानतः निर्वाचित नेताहरूले संविधानका विभिन्न धाराहरूको आफूअनुकूल व्याख्या गरी आफ्नो सत्ता टिकाउन अधिनायकवादतर्फ उन्मुख रहेको उदाहरण प्रस्तुत गरेको हप्ता दिन नबित्दै त्यही प्रकृतिको घटना आफ्नै देशमा दोहोरिएको छ । घटनापश्चात् नेपालको राजनीतिमा प्रत्यक्ष प्रभाव राख्ने दुवै छिमेकी देशको प्रतिक्रियातर्फ ध्यान दिंदा चीनमा दक्षिण एशिया सम्बन्धका राजनीतिक चिनियाँ विश्लेषक डा लोङले घटनालाई Serloun Set Back भन्दै नेपालका नेताहरूले आफ्नो खुट्टामा आफैं बन्चरो हानेको प्रतिक्रिया दिएका छन् भने चिनिया राज्य परिषद् अन्तर्गतको थिङ्क टयाङ्क मानिने अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन संस्थानका प्राध्यापक हु सिसेङले संसद् विघटन गर्ने ओलीको कदमबाट नेपालमा देखिएको नयाँ सङ्कटले आफू एकदमै निराश भएको र नेपाल अब पुनः नयाँ संविधान जारी हुनुपूर्वको अवस्थामा पुगेको प्रतिक्रिया दिएका छन्।

भारतको तर्फबाट भने भारतीय सेनाका पूर्व मेजर जनरल अशोक मेहताले प्रतिनिधिसभा विघटनसँगै ओलीको पतन हुने प्रतिक्रिया दिएका छन् भने नेपाल मामिलाका जानकार एसडी मुनीले पनि संसद्को विघटन ओलीको लागि घातक सिद्ध हुने भन्दै प्रम ओली केही दिनदेखि भारतीय गुप्तचर संस्थाको प्रभावमा रहेको भन्दै यो अवस्था भारत र नेपाल दुवैको हितमा नभएको बताएका छन् । दुवै छिमेकी राष्ट्रबाट आएका प्रतिक्रिया र घटनाक्रम हेर्दा भारतीय गुप्तचर संस्था रअका प्रमुख सामन्त गोयल, सेना प्रमुख नखमो, भारतीय विदेश सचिव शृङ्गला र अन्त्यमा भाजपाका विदेश विभाग प्रमुख विजय चौथाइवालको भ्रमण सम्पन्न भएको दुई सातामैं संसद भङ्गको घटनाक्रम विकसित हुनु र सामन्त गोयलको भ्रमणपूर्व नेकपा सङ्कट व्यवस्थापनमा अत्यन्त सक्रिय रहेकी चिनियाँ राजदूत खासै सक्रिय देखिएकी छैनन् ।

प्रम ओलीको घोषणाको राजनीतिकरूपमा विरोध शुरू भएको छ भने सर्वोच्च अदालतमा परेका ११ वटा रिटमा बुधवार सुनवाइ हुँदैछ । राजनीतिकरूपमा हेर्दा हुँदै नभएको अधिकार प्रयोग गरी संसद् भङ्ग गरिएकोले सर्वोच्चको निर्णय पक्ष वा विपक्षमध्ये कुनै एकमा नै जानेछ। संसद् विघटन गर्नु कानूनसम्मत नभएको निर्णय आयो र संसद् पुनर्बहाली भयो भने प्रम ओलीका साथै महामहिम राष्ट्रपतिको पतन हुने र दुवैजना कलङ्कित हुनुपर्ने अवस्था आउनेछ भने संसद् विघटन ठीक हो भन्ने निर्णय भएर आएमा देशमा राजनीतिक आन्दोलन शुरू हुने खतरा देखिन्छ। यो आन्दोलनले देशलाई फेरि एकपटक अस्थिरतातर्फ धकेल्नेछ र हाम्रो कोरोनाग्रसित अर्थतन्त्र कहाँ पुग्ने हो अनुमान गर्न कठिन छ । कोरोनाका कारण २.५ प्रतिशत आर्थिक वृदिदर हुने प्रक्षेपण गरिएको हाम्रो अर्थतन्त्र झन् धराशयी हुने अवस्था बन्नेछ । अकल्पनीयरूपमा चुनाव हुने नै भयो भने गत आमनिर्वाचनमा करीब १५० बिलियन रुपैयाँ तीनवटै तहको निर्वाचनमा खर्च भएको अनुमान गरिएको थियो । अब हुने निर्वाचन प्रतिनिधिसभाको मात्रै हुने भएपनि सरकारी र गैरसरकारी स्तरमा समेत सबै दल प्रतिष्ठाको लडाइँमा होमिने भएकोले ठूलै रकम खर्च हुने अनुमान गर्न सकिन्छ । चुनावपश्चात् कुनै एक दलले बहुमत ल्याएर सरकार बनाउँदा पनि फेरि यस्तो हुँदैन भन्ने अवस्था पनि रहन्न र संसद्मा कुनै दलले बहुमत नल्याए फेरि अस्थिरताको राजनीति शुरू हुने देखिन्छ। त्यसैले नेपालमा घटेको यस दुर्भाग्यपूर्ण प्रजातन्त्रलाई कलङ्कित गर्ने यस घटनाको पृष्ठभूमिमा प्रजातन्त्रको चौथो लहर उठ्नु नै एकमात्र विकल्प हुन सक्छ । जनताले दिएको रगतको बलिदानको मूल्यमा स्थापित प्रजातन्त्र कसैको पेवा नभएकोले कार्यकारीले यसको अक्षर मात्र होइन भावनासमेत अक्षरशः पालना गर्नुपर्ने हो । प्रमले आफ्नो सम्बोधनमा काम गर्न नदिएको अड्डी थाप्नु निरर्थक हो। यो सत्य हो भने पनि यो उनको दलभित्रको समस्या थियो। अध्यक्ष एवं प्रम दुवै पदमा आसीन उनले आफ्नो दलकै विवाद मिलाउन नसकेर यो कदम चाले । उनी प्रजातन्त्रवादी भएको भए आफ्नो पार्टीको आन्तरिक विधानसम्मत प्रक्रियाबाट लडाइँ लड्न सक्नुपर्ने थियो। दुई तिहाइको बहुमत भएको प्रधानमन्त्री र प्रतिपक्षको अत्यन्त नगन्य प्रतिरोध भएको अवस्थामा प्रमले 'घर फुटे गवार लुटे'को उक्ति चरितार्थ गरेका छन् ।

मलाई यतिबेला संस्कृतमा पढाइने गरिएको 'असम्भाव्य चिन्ता परिणामः' भन्ने एउटा कथाको सम्झना भइरहेको छ । कथाका नायक हाम्रा प्रमजस्तै स्वप्नदर्शी हुन् र एक दिन सोच्न थाल्छन् मसँगै एउटा गाई छ र म अब यस गाईको दूध बेचेर बाख्रा किन्नेछु । बाख्राहरूले हरेक ६ महीनामा बच्चा दिनेछन् र १-२ वर्षमा मसँग थुप्रै बाख्राबाख्री हुनेछन् । अनि उनीहरूलाई बेचेर एउटा घोडा किन्नेछु र घोडामा खुट्टा उचालेर चढ्ने उपक्रममा माथि झुन्डयाइएको 'सत्तु' राखिएको माटोको भाँडो खुट्टा लागेर फुट्न गएछ र उनको घोडा चढ्ने सपना सबै चकनाचुर भएछ। देश कहीं जाँदैन यही रहनेछ, विकासको गति थामिएला, गरीबहरू अझ केही समय गरीब नै रहलान् तर यो कदम चाल्ने नायकको परिणाम पनि माथि लेखिएको दन्त्यकथाजस्तै नहोला भन्न सकिन्न । कार्यकारी र कानूनी निर्णय हाम्रो हातमा छैन तर नहुनुपर्ने चुनाव भइहाले पनि निर्णय त नेपाली जनताले नै दिनेछ।

## दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण क्षेत्रमा ३३ प्रतिशत मात्रै रूख

# मुआवजा वितरण तीव्र, तटबन्ध कार्य जारी

जीतलाल श्रेष्ठ, निजगढ, ७ पुस/

बाराको निजगढमा बन्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण क्षेत्रमा ठूलो सङ्ख्यामा रूख कटान गर्नुपर्ने हल्ला निराधार साबित हुने देखिएको छ । विमानस्थल निर्माण आयोजनाको समन्वयमा डिभिजन वन कार्यालय बाराले दुईवटा प्लटमा काट्नुपर्ने रूखको नम्बरिङ गर्दा ३३ प्रतिशत मात्रै हुन सक्ने देखिएको छ।



निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रको मध्यभाग वनक्षेत्रभित्र रहेको टाँगियाबस्ती। तस्वीरः प्रतीक

विमानस्थल निर्माणका लागि चाहिने कुल ११ हजार ८ सय ७५ बिघा क्षेत्रफलमध्ये पहिलो चरणमा १९ सय हेक्टर अर्थात् २ हजार ८५० बिघा वनक्षेत्रमा डिभिजन वन कार्यालय बाराले नम्बरिङ, टयागिङ शुरू गरेकोमा दुईवटा प्लट अर्थात् १९१ हेक्टर वनक्षेत्रका रूख र पोल आकारका समेत सबै बोटबिरुवा गणना गर्दा ५७ हजार ३५० वटा मात्रै पाइएको र सोमध्ये ३३ प्रतिशत मात्रै रूख आकारको रहेको डिभिजन वन बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले जानकारी दिए। अब बाँकी १० वटा प्लटमा पनि कहींकतै केही थपघट हुन सक्ने तर सरदर यही अनुपातमा रूखको सङ्ख्या निस्कने उनको अनुमान छ।

विमानस्थल निर्माण क्षेत्रमा यसअघि २४ लाखभन्दा बढी रूख कटान गर्नुपर्ने अफवाह फैलिएको थियो। सोही आधारमा वातावरण प्रेमीहरूले सरकारविरुद्ध सर्वोच्च अदालतमा दायर गरेको मुद्दा अहिलेसम्म विचाराधीन छ। सरकारले यकीन रूखको सङ्ख्या गणना गर्न रूखको नम्बरिङ, टयागिङ शुरू गरेको हो ।

विमानस्थल निर्माणअगाडि गर्नुपर्ने तयारीमध्येमा नम्बरी जमीनमा रहेको र मुआवजा लिइसकेका घरहरूमा प्रयोग भएका काठ अन्यत्र लान समस्या भएको बताइएको छ । घरसारी भनेर वन कार्यालयले इजाजत दिन पाउने कार्य केही वर्षदेखि सरकारले रोक लगाएको कारण लिखित आधारमा दिन नसकेको डिएफओ अहमदले बताए । बस्ती स्थानान्तरण वा अधिग्रहणमा परेका क्षेत्रका घरसारबारे सङ्घीय, प्रदेश र स्थानीय तहले छुट्टै कार्यविधि बनाएर निकास दिनुपर्ने उनले सुझाएका छन् ।

काँटगाउँ, ककरीलगायतका ११० बिघा ३ कट्ठा नम्बरी जग्गामध्ये ४४ करोड मुआवजा दिई ६५ बिघा ३ कट्ठा १२ धुर जग्गा आयोजनाले आफ्नो स्वामित्वमा लिइसकेको र बाँकी जग्गाको प्रक्रिया चलिरहेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना, बाराका प्रमुख विजय यादवले जानकारी दिए। लकडाउनको समयमा केही ढिलाइ भएपनि काम भने नरोकिएको उनले बताए।

हालसम्म विमानस्थल निर्माण गरिनुपूर्व तयारी कार्यका लागि रु ६७ करोडभन्दा बढी खर्च भइसकेको छ । विमानस्थलको चार किल्ला घेर्न ६५ किलोमिटर लम्बाइ तारबार सम्पन्न गर्न ४ करोड ४३ लाख खर्च भइसकेको छ भने १८ करोड ६७ लाख ३७ हजार ३७ रुपैयाँ लागतमा निजगढस्थित बकैया खोलामा धमाधम तटबन्धको कार्य भइरहेको छ।

विमानस्थल निर्माणका लागि मुख्य समस्याको रूपमा रहेको वनक्षेत्रभित्र बसोवास रहेको टाँगियाबस्ती स्थानान्तरण रहेको बताउँदै यसका लागि पनि गृहकार्य अन्तिम चरणमा पुगिसकेकोले आफू आशावादी रहेको प्रमुख यादवले बताए। टाँगियाबस्तीमा ७३१ बिघा १४ कट्ठा वनको जमीनमा करीब ८ हजार जनसङ्ख्या बसोवास गर्दै आइरहेका छन् । सो क्षेत्रमा बसोबास घरधुरी सङ्ख्या १४ सय ७६ छ।

विमानस्थल निर्माणको हल्ला वर्षौंदेखि चलिरहेकाले अझै कैंयन वर्ष लाग्ने भन्दै टाँगियाबस्तीका बासिन्दाहरू स्थानान्तरणमा चासो देखाइरहेका छैनन्। विमानस्थल निर्माण यस क्षेत्रको भाग्य र भविष्य रहेको बताउँदै विमानस्थल निर्माणमा सबै पक्षले आआफ्नोतर्फबाट सक्दो सहयोग पु-याउनुपर्ने र आवश्यकताभन्दा माथि कोही कसैले पनि अवरोध गर्ने र समस्या निम्त्याउन नहुने जिल्ला समन्वय समिति बाराका संयोजक नवलकिशोर सिंहले बताएका छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अदालतले संविधानको प्रावधानको गहिरो अध्ययन गरी निर्णय गर्ने अध्यक्ष दाहालको विश्वास

काठमाडौं, ७ पुस/रासस

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) समूहका अध्यक्ष पुष्पकमल दाहाल गलती स्वीकार गरेमा यथोचित जिम्मेवारी दिन अझै तयार रहेको बताएका छन्। नेकपा अध्यक्ष दाहाल र सम्बोधन गर्दै उनले भने, "संसद् भङ्ग गर्न गलती भयो, साथीहरूको भावना समेट्न सकिनँ, म पश्चात्ताप गर्छु भनेर सुनाउँदै अध्यक्ष दाहालले आजको बैठक र आफ्नो समूहको पार्टीको आधिकारिकताको पुष्ट्याइएका विभिन्न




नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहालको अध्यक्षतामा मङ्गलवार बसेको केन्द्रीय कमिटी बैठकमा वरिष्ठ नेताद्वय झलनाथ खनाल र माधवकुमार नेपाललगायत सहभागी नेताहरू। तस्वीरः रासस

प्रचण्डले प्रधानमन्त्री तथा अध्यक्ष केपीशर्मा ओलीले आफ्नो कदमप्रति वरिष्ठ नेता माधवकुमार नेपाल समूहको केन्द्रीय समितिका सदस्यको बैठकलाई आउन चाहनुभयो भने उहाँलाई स्वागत गर्न अहिले पनि हामी तयार छौं।"

प्रधानमन्त्री ओलीले पश्चात्ताप नगरेमा स्थायी समितिको निर्णय अनुसार उनीमाथि अनुशासनको कारबाही हुने अध्यक्ष दाहालले स्पष्ट गरे। वर्तमान संविधानको मर्म र भावनाविपरीत अख्तियारको दुरुपयोग गर्दै प्रधानमन्त्रीबाट संसद् भङ्ग गरिएको जिकिर गर्दै उनले संविधानतः संसद् भङ्ग भएको होइन, भङ्ग भएको ओलीको सरकार मात्र हो, विघटन भएको सरकार हो, संसद् होइन भनी बहुसङ्ख्यक पूर्वसदस्य अदालत गएर भन्नुपर्ने अवस्था आएको बताए। अध्यक्ष दाहालले भने, "हामी संसद्को प्रमुख पार्टी हुनुको नाताले विघटन अवैध छ भनेर कानूनी उपचार खोजेसँगै सङ्गठन र समाजमा पनि सन्देश फैलाउनुपर्छ।"

प्रधानमन्त्रीको कदमलाई अदालतले संविधानको प्रावधानको गहिरो अध्ययन गरी जनभावना र राजनीतिक दलको भनाइ बुझेर निर्णय गर्ने विश्वास उनले व्यक्त गरे।

जनतालाई आन्दोलनमा राम्रोसँग परिचालन गर्न सकेनौं भने देश दुर्घटनामा जाने खतरा रहेको बताउँदै अध्यक्ष दाहालले समाजमा जाने र कार्यकर्ता परिचालन गर्ने कार्य जोडतोड तुल्याउन आवश्यक छ भने।

पार्टीभित्रका समस्या, घटना र एकीकरणपछि अहिलेसम्मको सहयात्रासम्बन्धी बैठकमा लामो फेहरिस्त आधार प्रस्तुत गरे।

### ३१५ जना उपस्थितिको जिकिर

नेकपाका ४४१ सदस्यीय केन्द्रीय समितिका सदस्यमध्ये आजको बैठकमा ३१५ जनाको सहभागिता रहेको जनाइएको छ।

केन्द्रीय समितिको बिहीवार बस्ने बैठकमा वर्तमान वस्तुस्थितिबारे अध्यक्षले प्रस्तुत गर्ने प्रतिवेदनमाथि छलफल गरी आगामी रणनीति बनाइने जानकारी दिइएको छ।

उक्त समूहले बुधवार आफ्नो समूहको विघटित प्रतिनिधिसभामा रहेका सदस्यको बैठक राखेको छ। पार्टीका वरिष्ठ नेता झलनाथ खनालले पार्टी सञ्चालनमा देखिएका समस्या र पछिल्लो समय संसद् विघटन भएको घटनासम्मको अवस्थाको विश्लेषण गरी सही र गलत छुट्याएर एकताबद्ध हुन पार्टी पङ्क्तिलाई आह्वान गरे।

उनले भने, "सही नीति र व्यवहारका आधारमा पार्टीलाई एकताबद्ध गराउँछौं, संविधान, गणतन्त्र, सङ्घीयता रक्षा र पार्टी एकताका लागि हामी सबै क्रियाशील हुनुपर्छ।" अर्का नेता नेपालले प्रधानमन्त्रीले दलको निर्णयको अवज्ञा गरेकाले वर्तमान सङ्कट निम्त्याएको जिकिर गरे। उनले भने, "संविधानमा संसद् विघटन गर्ने कुनै प्रावधान नै छैन, प्रधानमन्त्री ओलीले पार्टी र सरकार चलाउन सक्नुभएन। पछिल्लो कदमले लोकतन्त्र र गणतन्त्र नै धरापमा पर्न सक्छ। पछिल्लो कदमले देशलाई अस्थिरतातिर जाने ढोका खोलेको छ।"

पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले पार्टीभित्रका समस्या र वर्तमान अवस्थाबारे जानकारी गराएको उक्त बैठकमा स्थायी समिति सदस्य भीमबहादुर रावलले प्रधानमन्त्रीले दलको नीति, सिद्धान्त, कार्यक्रम र जनताको आकाङ्क्षाको अवज्ञा गर्दै अघि बढ्न खोजेको आरोप लगाए।

## अध्यक्षमा नेपाल चयन

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) दाहाल–नेपाल समूहले पार्टी नेता माधवकुमार नेपाललाई सर्वसम्मत ढङ्गले पार्टी अध्यक्षमा चयन गरेको छ। पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा मङ्गलवार बसेको बैठकले पूर्वप्रधानमन्त्री नेपाललाई अध्यक्षमा चयन गरेको हो।

पार्टी अध्यक्ष ओलीले पार्टी अनुशासनको गम्भीर उल्लङ्घन गरेको ठहर गर्दै बैठकले पार्टी अन्तरिम विधान अनुसार अनुशासनको कारबाही गरी उनलाई अध्यक्षको जिम्मेवारीबाट मुक्त गर्ने निर्णय गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए।

त्यसैगरी, बैठकले पूर्वसभामुख कृष्णबहादुर महरालाई स्थायी कमिटीका रिक्त सदस्यमा मनोनयन गर्ने कमिटीकै प्रस्तावलाई सर्वमम्मतिले अनुमोदन गरेको छ। बैठकले पार्टीका कैलाली जिल्ला अध्यक्ष दीर्घ सोडारीलाई यसअघि गरिएको अनुशासनको कारबाहीबाट फुकुवा गरी पूर्ववत् जिम्मेवारी दिने निर्णय पनि गरेको उनले जानकारी दिए।

बैठकले फुटवादी क्रियाकलापका विरुद्ध तथा पार्टी एकताका पक्षमा अपील गर्दै विभिन्न प्रस्तावसमेत पारित गरेको छ। सबै नेता, कार्यकर्तालाई एकीकृत पार्टीका पक्षमा एकताबद्ध भएर अघि बढ्न बैठकले अपील गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिए।

बैठकले प्रधानमन्त्री ओलीको सिफारिश अनुसार राष्ट्रपतिद्वारा प्रतिनिधिसभाको विघटनको घोषणालाई अस्वीकार गर्ने निर्णय गरेको छ। बैठकले अविलम्ब संसद् बैठक आह्वान गर्न र संसद्को नियमित कार्य सञ्चालन गर्न पनि माग गरेको छ। केन्द्रीय कमिटीको अर्को बैठक बिहीवार बिहान ११:३० बजे बस्नेछ। बैठकमा नेकपाका कुल ४४१ केन्द्रीय सदस्यमध्ये ३१५ जनाको उपस्थिति रहेको प्रवक्ता श्रेष्ठले जानकारी दिए।

### नेकपा फुटेको छैन -प्रवक्ता

सञ्चारकर्मीका जिज्ञासामा प्रवक्ता श्रेष्ठले नेकपा विभाजन नभएको बताए। "नेकपा फुटेको छैन, नेकपा एकीकृत र एकताबद्धरूपमा छ।" उनले आफू कसैको, कुनै व्यक्ति र गुटको प्रवक्ता नभई नेकपाको प्रवक्ता भएको जिकिर गरे।

# लगातार सात वर्षसम्म दाजुबाट बहिनी बलात्कृत

रूपन्देही, ७ पुस/रासस

दाजुले आफ्नै बहिनीमाथि लगातार सात वर्षसम्म बलात्कार गरेको रहस्य खुलेको छ। पाल्पाको तिनाउ गाउँपालिका–२ ओढारखोला घर भई हाल बुटवलमा एक संस्थामा कार्यरत व्यक्तिले बहिनीलाई बलात्कार गरेको आरोपमा जिल्ला अदालत पाल्पामा मुद्दा परेपछि घटना बाहिर आएको हो।



सात वर्षदेखि १४ वर्षको उमेरसम्म लगातार बलात्कार गरेको भन्दै दाजुविरुद्ध बहिनीले अदालतमा हाडनाता करणीको मुद्दा हालेपछि घटनाको रहस्य बाहिर आएको हो। गत मङ्सिर २३ गते पीडित युवतीले हाडनाता करणी अन्तर्गत मुद्दा दिएको अदालतले जनाएको छ।

पीडित युवतीका अनुसार ओढारखोलास्थित घरमा दाजुले लगातार बलात्कार गर्ने गरेका थिए।

तत्कालीन समयमा पाल्पाको तानसेनमा स्वास्थ्य क्षेत्रमा काम गर्ने भएकाले आफू बस्ने कोठामा लगेर पटक–पटक बलात्कार गर्ने गर्थे। सानै उमेरमा बलात्कार भएका कारण परिवारलाई पीडा हुने देखेर बाहिर बोल्ने आँट नगरेको भएपनि अहिले बुबाआमाको मृत्यु भएपछि दाजुविरुद्ध अदालतमा जाहेरी दिएको युवतीको भनाइ छ। "म सानै भएकाले पहिले त मैले यसबारे कसैलाई भन्न सकिनँ, बिस्तारै ठूली हुँदा बुबाआमालाई पीडा हुन्छ कि भनेर मौन रहें," पीडित महिलाले भनिन्, "अहिले बुबाआमा पनि बित्नुभयो र आँट गरेर उजूरी हालें।"

सानै हुँदा बलात्कारका बारेमा भन्न नसके पनि ठूली भएर भन्न खोज्दा दाइले घरमा बाँधेर राख्ने गरेको पीडा सुनाउँदै उनले त्यसपछि आफू भागेर काठमाडौं आएको बताइन्। बाँधेर राखेपछि म धेरै कमजोर भएँ तर मेरोबारेमा बोलिदिने कोही भएन, दाजुको व्यवहारले घरमा बस्न मन नभएपछि भागेर हिंडेको उनले सुनाइन्।


लगातारको बलात्कारका कारण अहिलेसम्म मानसिक यातना भोग्नुपरेको पीडित युवतीको गुनासो छ। उनका अनुसार स्वास्थ्य क्षेत्रमा काम गर्ने भएकाले विभिन्न औषधि खुवाएर बलात्कार गर्ने। "आफ्नै दाइले यस्तो गर्छ भनेर मैले सोचेकी थिइनँ, असह्य पीडाले मलाई मानसिक समस्या भयो," उनले भनिन्, "डाक्टरसँग परामर्श लिएर उपचार गरेपछि मानसिक समस्याबाट छुटकारा पाएँ।"

करीब चार वर्षसम्म वैदेशिक रोजगारमा बसेर फर्किएको अनुभव सुनाउँदै पीडित युवतीले अब सात वर्षसम्म सहेको बलात्कारको पीडा र अहिलेसम्म भोगेको मानसिक यातनाविरुद्ध न्याय खोज्न नेपाल फर्किएको बताइन्। "तीन महीनाको अन्तरालमा बुबा र आमा गुमाएँ, कोरोना सङ्क्रमित भएकाले मुख देख्न आउन पाइनँ, मन सम्हालेर आफूमाथि भएको अन्यायविरुद्ध न्यायका लागि अदालतको ढोका ढक्ढकाएकी छु," पीडित युवती भन्छिन्, "न्याय मरेको छैन भने अवश्य पाउनेछु भन्ने आशा छ।" मुलुकी अपराध संहिता २०७४ अनुसार हाडनातामा करणी भएमा जन्मकैददेखि १० वर्षसम्म कैद सजाय र एक लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ।

# अपहेलितबाट स्नेहपूर्ण जीवनमा फर्काउनु उत्कृष्ट मानवीय कार्य हो -प्रम ओली

काठमाडौं, ७ पुस/रासस

प्रधानमन्त्री केपीशर्मा ओलीले सडकमा कष्टकर र अपहेलित जीवन



जीउन बाध्य सहयोगापेक्षीलाई उद्धार गरी स्नेहपूर्ण जीवनमा फर्काउनु मानवीय कार्यको उत्कृष्ट नमूना भएको बताएका छन्। सहयोगापेक्षीको राष्ट्रिय उद्धार कार्यक्रम अन्तर्गत मानवसेवा आश्रमले थालेको मेची–महाकाली सडक यात्राको मङ्गलवार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राज्यले गर्नुपर्ने काम आश्रमबाट भइरहेकामा प्रशंसा गरे।

"सडकबाट सहयोगापेक्षीको उद्धार र संरक्षणको काम राज्यले गर्नुपर्ने हो, मानवीय भावनामा सरकारको ध्यान पुगेन," प्रधानमन्त्री ओलीले भने, "आफू प्रधानमन्त्री भएदेखि नै कष्टकर जीवन जिउने अवस्थाको अन्त्य गर्ने प्रयास गरिरहेको छु।" उनले पवित्र उद्देश्य राखेर मानिसलाई अपहेलित जिन्दगीबाट सामान्य जीवनमा फर्काउने र सामान्य जीवनमा फर्कन नसकेकाको पालनपोषण तथा संरक्षण गर्नेहरूका लागि सहयोगी हात बढ्दै जाने विश्वास व्यक्त गरे।

उनले प्रधानमन्त्री भएदेखि नै चरम कष्टकर जिन्दगी बिताउनुपर्ने अवस्थाको अन्त्य गर्न सरकारी संयन्त्रमार्फत प्रयास गरिरहेका बेला आश्रमबारे जानकारी पाएपछि सहयोगको हात अघि बढाइएको स्मरण गरे। "यस्तो अभियानमा अरू पनि युवा जोडिंदै जानुपर्छ, नयाँ व यक्तिलाई सहभागी गराइयो भने अभियानले निरन्तरता पाउँछ," प्रधानमन्त्रीले भने।

उनले सडकमा सहयोगापेक्षी मानव हुनुहुँदैन, समाजबाट कोही परित्यक्त हुनुहुँदैन भन्ने महान् अभियानमा सरकारको आवश्यक सहयोग र साथ रहने प्रतिबद्धता जनाए। प्रधानमन्त्री ओलीले मानवीयता जस्तो पवित्र कार्यलाई राजनीतिक रङ नदिन सबैसँग अनुरोधसमेत गरे।

मानवीय कार्यलाई राजनीतिक रङ दिएर विरोध गर्न सक्नेतर्फ सङ्केत गर्दै प्रधानमन्त्री ओलीले थपे, "मानवीयता जस्तो पवित्र कार्यमा राजनीतिको रङ हुँदैन, प्रधानमन्त्री भएको नाताले र मानवताको नाताले अभियानमा साथ दिनु मेरो कर्तव्य हो, त्यस कारण कार्यक्रममा उपस्थित भएको छु।"

सरकारले आगामी वर्षभित्र नै मुलुकलाई बेसहारा सडकमानवमुक्त बनाउने योजना अघि सारेको छ। सोही अभियान अन्तर्गत आश्रमले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म एक महीने उद्धार अभियान शुरु गरेको छ। "जसलाई खोज्न जाँदै हुनुहुन्छ, बाटामा तपाईंहरूले खोजेको कोही नभेटियोस्, रित्तो हात फर्किन परोस्," प्रधानमन्त्री ओलीले कार्यक्रम सफलताको शुभकामनाका साथ भने।

विसं २०६९ मा स्थापित आश्रमले हालसम्म पाँच हजार मानिसको उद्धार गरेको तथा एक हजार ५०० लाई नयाँ जीवन दिएर परिवारमा पुनर्मिलन गराएको छ।

हाल एक हजार १०० जना आश्रमका संरक्षणमा छन्। उक्त समारोहमा प्रधानमन्त्रीकी धर्मपत्नी राधिका शाक्यले मानवीय सेवाका लागि धनभन्दा मन हुनुपर्नेमा जोड दिइन्।

सडकमा कष्टकर जीवन बिताइरहेका व्यक्तिलाई उद्धार गरी संरक्षण दिने र परिवार खोजेर पुनर्मिलन गराउने आश्रमको प्रयासको जति सराहना गरे पनि नपुग्ने बताउँदै उनले विदेशी नागरिकको समेत उद्धार गरी सेवा दिनु मानवीयताको उच्चतम नमूना हो भनिन्।

आश्रमका अध्यक्ष रामजी अधिकारीले जाडोमा अन्तिम सास फेरिरहेको भावुक अवस्था देख्न नसकेर उक्त अभियान शुरू भएको जानकारी दिए।

अध्यक्ष अधिकारीले आफ्नै परिवारले समेत सडकमा ल्याएर छाड्ने गरेको तीतो यथार्थ बताउँदै भने, "अहिलेको अवस्थामा हरेक मानिसमा मानवीयताको बीउ रोप्नुपर्छ, यस्ता आश्रम थप्ने होइन घटाउँदै जानुपर्छ, हाम्रो लक्ष्य यही हो, आजदेखि शुरू मेची–महाकाली सडकयात्रा तीनै तहका सरकारलाई दायित्वबोध गराउने अभियान पनि हो।"

समारोहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री लीलानाथ श्रेष्ठ, नेपालका लागि बङ्गलादेशका राजदूत सलाउद्दीन नोमान चौधरी, काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुली, साहित्यकार स्नेह सायमी, गायिका आनीछोइङ डोल्मालगायतले आश्रमको मानवीय कार्यको प्रशंसा गरेका थिए।

यसैबीच प्रधानमन्त्री ओलीले चितवन र लमजुङका सडकमा कष्टकर जीवन बिताउँदै आएका बेला आश्रमले उद्धार गरी संरक्षण दिएका ममिना बेगम (गीता) र मोहम्मद बबुल (बाबुलाल) लाई राजदूत चौधरीको जिम्मा लगाए। दुवैजना परिवार पत्ता लागिसकेकाले बुधवार स्वदेश जाँदै छन्।

राष्ट्रिय उद्धार अभियान अन्तर्गत आजदेखि शुरू भएको सडकयात्रामा निस्किएको आश्रमका ३५ सदस्यीय टोलीलाई प्रधानमन्त्री र उनकी धर्मपत्नीले राष्ट्रिय झन्डा र प्रतीक चिह्नसहित खादा ओढाएर बिदाइ गरे। आजै आश्रमको टोली मेचीका लागि प्रस्थान गरिसकेको छ।



जस्तापाताले घर छाउने आस मरेपछि ताप्लेजुङ, आठराई त्रिवेणी गाउँपालिका–३, हाम्पाङका महिला घरको छानो छाउन खर काट्दै। यस गाउँपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छानो प्रतिस्थापनका लागि प्रतिघर रु ५० हजारका दरले २१३ घरधुरी सूचीकृत भएको छ। तस्वीरः रासस

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

**जीवेम शरदः शतम्**

**१२. सारिवा** (हेमिडेस्मस इन्डिकस)

यसलाई अनन्तमूल, गोपबल्ली, कपूरी नामले पनि जानिन्छ। श्वेत कृष्ण दुई प्रकारका प्रजाति मानिन्छ। कृष्ण सारिवाको गुण–कर्म र वानस्पतिक वर्णन अनन्तमूलभन्दा भिन्न हुन्छ। त्यसलाई जम्भू पत्रा सारिवा पनि भनिन्छ। सारिवा नामले जब पनि चर्चा हुन्छ, तब त्यो अनन्तमूल, हेमिडेस्मस प्रजातिको हुन्छ।

**वानस्पतिक परिचय–** सारिवाको लता पातलो बहुवर्षायु गुल्म सदृश्य हुन्छ। यो ५ देखि १५ फिट लामो हुन्छ तथा जमीनमा फैलिन्छ अथवा निकटवर्ती कुनै पनि रूखलाई बेरेर त्यसमाथि चढ्छ।

सारिवा मूल नै प्रयोज्य अङ्ग हो। यसबाट कर्पूर मिश्रित चन्दनको गन्ध आउँछ। जराको माथिल्लो बोक्रा केही खैरो रङ्गको हुन्छ। स्वाद केही मीठो हुन्छ। जरालाई भाच्दा दूध निस्किन्छ। बोक्रा सुकेपछि यो फाटेको रेखायुक्त देखिन्छ। बोक्राको तल्लो भाग केही पहेंलो रङ्गको र अत्यन्त बलियो हुन्छ।

शाखा सुतलीदेखि औंलासम्म मोटो कालो रङ्गको चारैतिर फैलिएको हुन्छ। यसमा सेतो र खैरो रङ्गको कोमल रौं हुन्छ चाँडै भाँचिदैन। पात केही अनारको पातसमान अन्डाकार आयाताकार १ देखि ४ इन्च लामो हुन्छ। यसको तल्लो भाग हलुका सेतो आभा लिएर तथा माथिल्लो पृष्ठ श्वेत रेखाङ्कित हुन्छ। फूल पत्र कोणीय मञ्जरीमा बाहिर हरियो र भित्र बैंगनी रङ्गको हुन्छ। असार–साउनमा फूल फुल्छ। यसमा चन्दनसरह सुगन्ध रहन्छ। फूल गुच्छामा लाग्छ तथा प्रायः दिउँसोको समयमा फुल्छ र ओइलाउँछ। पखुडीमा जामुनी रौं हुन्छ। फल अनेक, पातलो छोटो शृङ्गाकार हुन्छ। यो कात्तिक र मङ्सिरमा लाग्छ, फागुन वा चैतमा त्रिडक गरेर फुट्छ तथा भित्रको बीउ बाहिर निस्किएर छरिन्छ। बीउ एकातर्फ च्याप्टो हुन्छ। काँचो अवस्थामा सेतो र पाकेपछि बदामी वा कालो किनारदार हुँदै जान्छ।

सारिवा गङ्गाको उत्तरी मैदान भागदेखि पूर्वमा बङ्गालसम्म तथा दक्षिणमा मध्य प्रदेशदेखि श्रीलङ्कासम्म लताको रूपमा प्रचुरताले पाइन्छ। समुद्री किनार घाट भएको प्रदेशमा पनि चट्टानको बीच–बीच यसको गहिराइसम्म पुगेको जरा देख्न सकिन्छ।

**पहिचान, मिलावट, शुद्धाशुद्ध परीक्षा–** सारिवालाई माथि बताइएको जस्तो कृष्ण र श्वेत दुई भेदमा विभाजित गरिएको छ। अधिकांश वनस्पतिविद्को मत छ कि आकार, गन्ध, स्वभाव अलग–अलग भएर पनि यसको गुण एकै हुन्छ तर आयुर्विज्ञानहरूको प्रयोग सिद्ध मत अलग–अलग हुन्छ। उनीहरू श्वेत सारिवालाई नै प्रस्तुत प्रयोजनमा प्रयोगको प्रावधान बताउँछन्।

बजारमा पन्सारीकहाँ यसको मूलको साथमा नरिवलको जरा, कपूर माधुरी, गोरख गाँजा आदिको जरा पनि मिश्रण गरेको भेटिन्छ। सारिवा मूलको विभेद त्यसको सुगन्धबाट लगाउन सकिन्छ। मूलको चूर्ण पनि मिश्रित पाइन्छ। शुद्ध सारिवा मूल चूर्णमा बाहिरी खोलको गाढा, खैरो रङ्गको ससाना कण हुन्छन् तथा श्वेत कोमल भागको मसिनो कणाकर टुक्रा। यसमा भस्मको अंश बढीमा ४ प्रतिशत हुन्छ। सारिवा मूल ताजा नै प्रयुक्त हुनुपर्छ, यही वाञ्छनीय हो। जहाँ उपलब्ध हुँदैन, त्यहाँ यसको सही पहिचान अनिवार्य छ।

**यो रसायन र विषनाशक साथसाथै भएकोले उत्तम र क्तशोधक र प्रतिरोधी सामर्थ्य बढाउने मानिन्छ। रक्त विकार, वातरक्त, जीर्ण आमवात, एलिफेन्टिएसिस तथा थाइराइड ग्रन्थिको गाइटर रोगमा यस औषधिको कल्क निर्धारित मात्रा लिंदा चाँडै आराम दिन्छ।**

**सङ्ग्रह संरक्षण–** सारिवा सक्रिय घटक त्यसको जराको बोक्रामा हुन्छ। यस कारण मसिनो, अपेक्षाकृत कम आयुको ताजा मूल लिनुपर्छ। मोटो मूल छ भने मात्र जराको बोक्रा लिनुपर्छ त्वचा अथवा मूलको टुक्रालाई मुखबन्द पात्रमा राख्नुपर्छ। सारिवाको कालावधि बढी हुँदैन। दुई–तीन महीनामा नै तेल उड्छ र विकृति आउन थाल्छ। यथासम्भव सर्वोपलब्ध सही औषधिको ताजा प्रयोग नै गर्नुपर्छ। यस औषधिसँगै यस तथ्यलाई सधैं ध्यानमा राख्नुपर्छ।



**गुण–कर्म सम्बन्धित विभिन्न मत–** आचार्य चरकले मधुर स्कन्दको द्रव्यमा सारिवाको उल्लेख गरेका छन्। आचार्य सुश्रुतले पनि सारिवादिगणको प्रधान औषधि नै सारिवालाई मानेका छन्। यस गणमा आचार्य प्रवर र अन्य विद्वान्हरूले रक्तशोधक औषधि नै लिएका छन्। ज्वरो हर्ने, दाह प्रशमन, बल्लीपञ्चमूल गण पनि यस औषधि समूहको पर्याय हो।

भाव प्रकाश निघण्टुका अनुसार सारिवा विषघ्न एवं रक्तविकार शामक औषधि हो। यसको गुण बताउँदै निघण्टुकार लेख्छन्–

**अग्निमांद्यारूचिश्वासकासाम विषनाशनम्। दोष–त्रयारत्रप्रदरज्वर तीसारनाशनम्।**

श्लोकबाट स्पष्ट हुन्छ कि यो औषधि चिरपुरातनकालदेखि नै विषप्रधान रोगमा प्रयुक्त हुँदै आइरहेको छ।

धन्वन्तरि वनौषधि विशेषाङ्क अनुसार रक्त शुद्धि र धातु परिवर्तनको लागि अनन्तमूल निकै उपयोगी हुन्छ। यो औषधिले रक्तमाथि आफ्नो सीधा प्रभाव देखाउँछ। त्वचान्तर्गत रक्तवाहिनीको विकास हुन्छ, रक्तप्रवाह ठीक गतिले हुन थाल्छ।

**रासायनिक सङ्गठन–** कर्नल चोपडाका अनुसार सारिवाको जराको सक्रिय पदार्थमा मुख्य हुन्छन्– एउटा इसेन्शियल आयल, एउटा एन्जाइम र एउटा सैपोनिन। सारिवा मूलमा लगभग ०.२२ प्रतिशत उत्कत् तेल हुन्छ। यस तेलको ८० प्रतिशत भाग एउटा सुगन्धित एल्डहाइडको रूपमा हुन्छ। जसलाई पैराथेथाक्सी सेलिसिलिक एल्डीहाइड नाम दिइएको छ। यो सारिवाको मूललाई तोडेपछि पाइने सुगन्धको प्रधान कारण हो। जराका अन्य घटक हुन्छन्– बिटा–साइटो स्टीरोल, एल्फा र बिटा एसाइरिन्स, जुन मुक्त र इस्टर दुवैको रूपमा विद्यमान हुन्छ। यसको अतिरिक्त ल्युपियोल, टेट्रासाइक्लिक, ट्राइस्पिन अल्कोहल, रेसिन अम्ल, वसाअम्ल, टैनिन्स, सैपोनिन, एकग्लाइकोसाइड र किटोन्स पनि पाइन्छन्। एउटा शुद्ध कार्य सक्षम औषधिमा दुई प्रतिशतभन्दा बढी कार्बनिक पदार्थ तथा ४ प्रतिशतभन्दा बढी भस्म हुनुहुँदैन।

**आधुनिक मत एवं वैज्ञानिक प्रयोग निष्कर्ष–** सारिवालाई इन्डियन फार्मोकोपियाबाट मान्यताप्राप्त औषधिमा राखिएको छ। ब्रिटिश फार्मोकोपियामा पनि यसलाई महत्त्वपूर्ण स्थान प्राप्त छ। वेल्थ अफ इन्डियाका विद्वान् लेखकका अनुसार यो विशुद्ध एउटा रक्तशोधक औषधि हो। यो स्वेदजनक तथा मूत्रल पनि हो। यस कारण यसले कुपोषणजन्य शोथ, पुरानो गठिया, पिसाबको रोग, कुष्ठ र चर्मरोगमा पनि लाभ पुर्‍याउँछ।

अमेरिकन औषधि (सारिवा) सरसेपेरिल्ला भनिन्छ। भारतीय औषधि यसबाट गुणमा निकै श्रेष्ठ हुन्छ, यस्तो डा नादकर्णीको अभिमत छ। यसले उपदंश नामक छाला व्याधिमा दोस्रो एवं तेस्रो अवस्थामा पनि लाभकारी प्रभाव देखाउँछ। जोर्नी आदिको सुजन घटाउँछ तथा मूत्रको मात्रालाई तीन गुनासम्म गर्न सक्छ। रक्त व्यापी विषलाई यसले मूत्रमार्गबाट बाहिर निकाल्छ।

होमियोपैथीमा यस औषधिको मदरटिंक्चरको प्रयोग अनेक प्रकारका छाला रोग, उपदंश तथा दोषजन्य व्याधिको निवारणार्थ गरिन्छ। भारतीय जाति हेमिडेसमसलाई सरसापेरिल्लाभन्दा बढी वरियता दिइन्छ किनभने त्यसमा बढी गुण जर्मन चिकित्सकले पाएका छन्।

युनानी मतानुसार सारिवा चिसो र तर औषधि हो। यसले पिसाब बनाउन बढाउँछ, बढेकोलाई बाहिर निकाल्छ, पसिना ल्याएर रक्तशोधन गर्छ। हकीम दलजीत सिंहका अनुसार यसले जीवनको चयापचय क्रियालाई बढाउँछ। यस प्रभावको कारण यो चर्मरोग, फिरङ्ग, श्वेतप्रदर, आमबात, व्रण तथा विच्छीदंश आदिमा लाभ गर्छ। शरीरको दुर्गन्ध भगाउँछ। र सम्पूर्ण शरीरमा रक्तप्रवाह बढाउँछ।

**प्रयोज्य अङ्ग–** यस औषधिको जरा, जराको बोक्राको चूर्ण र ताजा रस प्रयोग गरिन्छ। तर यसको वीर्य उड्ने तेल हुन्छ, यसको जराको क्वाथ बनाईदैन। क्वाथ बनाउँदा सम्पूर्ण गुण नष्ट हुन्छ।

**मात्रा–** कल्क ५ देखि १० ग्राम, फाण्ट ५० देखि १०० मिलिलिटर तथा चूर्ण ३ देखि ६ ग्राम।

**निर्धारणानुसार उपयोग–** समस्त रक्त विकार तथा छाला विकारको लागि सारिवा एउटा महत्त्वपूर्ण औषधि हो। ५० ग्राम औषधिलाई दिनमा ४–५ पटक विभाजित गर्दा यसले तुरुन्त आराम दिन्छ। घाउ खटिरामा यसको फाण्ट बिहान र साँझ लिनुपर्छ। जब मूत्रको मात्रा कम हुन्छ, रङ्ग गहिरो हुन्छ र शोथ सम्पूर्ण शरीरमा हुन्छ भने सारिवा चूर्ण गाईको दूधसँग लिंदा तुरुन्त आराम पुग्छ। सारिवा जराको हिमनिष्कर्ष (चीसो जलमा जरालाई रातभरि भिजाएर निकालिएको सत्व) पनि २ देखि ३ औंस प्रतिदिन दूधसँग लिदा तुरुन्त लाभ पुर्‍याउँछ।

यो रसायन र विषनाशक साथसाथै भएकोले उत्तम रक्तशोधक र प्रतिरोधी सामर्थ्य बढाउने मानिन्छ। रक्त विकार, वातरक्त, जीर्ण आमवात, एलिफेन्टिएसिस तथा थाइराइड ग्रन्थिको गाइटर रोगमा यस औषधिको कल्क निर्धारित मात्रा लिंदा चाँडै आराम दिन्छ।

पटक–पटक गर्भपात हुनुको पछाडि जुन रक्तदोष मूल कारण हुन्छ, त्यसमा यसको प्रयोगबाट तुरुन्त लाभ पाइन्छ। मुखबाट ग्रहण गर्दा, विष अथवा जीवजन्तुको टोकाइबाट हुने संस्थानिक प्रभावलाई यसले नाश गर्छ। कुष्ठरोग, सामान्य ज्वरो तथा जन्डिस रोगमा पनि यसले लाभ पुर्‍याउँछ।

**अन्य उपयोग–** बाह्य प्रयोगमा आँखाको लाली आदि सङ्क्रामक रोगमा रस राख्नुपर्छ। तथा शोथ स्थानमा लेप लगाउनुपर्छ। यो अग्नि दीपक पाचक हो। अरुचि र अतिसारमा लाभ पुर्‍याउँछ। खोकीसहित श्वास रोगमा यो उपयोगी हुन्छ। महिलाको प्रदर, डियुभी (अनियमित मासिक स्राव) आदि रोगमा लाभकारी हुन्छ।

सामान्यतया यो त्रिदोषनाशक हुन्छ। यसलाई कुनै पनि प्रकारको ज्वरोप्रधान रोगमा निवारणार्थ तथा जीवनीशक्ति बढाउनको लागि पनि प्रयुक्त गर्न सकिन्छ।

# पचास प्रतिशत छुट दिंदै आन्तरिक पर्यटकलाई निम्तो

पोखरा, ७ पुस/रासस

पर्यटकीय नगरीमा बिस्तारै पर्यटकीय गतिविधिलाई जोड दिन थालिएको छ। कोभिड–१९ का कारण गत चैतदेखि सुस्ताएको पर्यटनलाई गति दिन पोखराका पर्यटकस्तरीय होटलले ५० प्रतिशत छुट दिने निर्णयसहित आन्तरिक पर्यटकलाई निम्तो दिएका छन्।



पोखरा लेकको मनोरम दृश्य। तस्वीरः फाइल

रेस्टुराँ एन्ड बार एशोसिएशनले (रेवान) पोखराले अङ्ग्रेजी वर्षको अवसरमा गर्दै आएको सडक महोत्सवलाई समेत लक्षित गरेर पश्चिमाञ्चल होटल सङ्घले ५० प्रतिशत छुटको व्यवस्था गरेको सङ्घका अध्यक्ष विकल तुलाचनले जानकारी दिए।

"पर्यटकीय मौसममा अहिले करोडौंका लगानी भएका होटल खाली छन्, अब कोभिड–१९ सँगसँगै विकल्पको खोजी जरुरी छ। हामीले आन्तरिक पर्यटकलाई लक्षित गरेर अहिले ५० प्रतिशत छुटको व्यवस्था गरेका छौं।"

अध्यक्ष तुलाचनले स्वास्थ्य मापदण्ड पूरा गरेर होटल खोलिएको पनि जानकारी दिए। उनले हानले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि 'जाउँ है पोखरा' कार्यक्रममार्फत पूर्वी नेपालको वीरगंज, विराटनगर र जनकपुरमा पुगेर सो ठाउँका पर्यटन व्यवसायी, सरोकारवाला एवं सञ्चारकर्मीसँग अन्तर्क्रिया गरेको जानकारी दिए।

तुलाचनले भने, "अहिलेको एकमात्र विकल्प भनेको आन्तरिक पर्यटन प्रवर्द्धन नै हो, उहाँहरू पनि सहकार्य र समन्वय गरेर अघि बढ्न तयार हुनुहुन्छ।" उनले आन्तरिक पर्यटनका लागि पनि सिमरा, जनकपुर र विराटनगरलाई हवाई सेवामार्फत जोड्न सके आन्तरिक पर्यटकको गतिविधि बढ्ने उनको विश्वास छ।

तुलाचनका अनुसार पोखरामा ७०० पर्यटकस्तरका होटल छन् भने ४०० सङ्घमा आबद्ध छन्। होटलमा एक रातको रु एक हजार ५०० देखि २० हजारसम्मका कोठा रहेका छन्। होटल क्षेत्रमा रु एक खर्ब २५ अर्बको लगानी रहेको छ भने प्रत्यक्ष १५ हजार रोजगार र अप्रत्यक्ष तीन हजारभन्दा बढीले रोजगार पाएका छन्।

कोभिड–१९ को कारण पर्यटन व्यवसायबाट केही पुराना व्यवसायी विस्थापित हुँदै सो ठाउँमा पुनः नयाँ व्यवसायीको पनि आगमन हुन थालेको उनले बताए।

पर्यटनलाई चलायमान बनाउन यहाँस्थित अन्य पर्यटन व्यवसायी संस्थाले समेत अन्तरजिल्ला भ्रमण गरेका छन्। पर्यटन चलायमानका लागि सहकार्य खोज्दै नेपाल एशोसिएशन टुर एन्ड ट्राभल्स एजेन्ड (नाट्टा) तनहुँ, गोरखा र नेपाल पर्यटक यातायात व्यवसायी (एनटिभिए)ले हालै पाल्पा, नवलपरासी, तनहुँका विभिन्न धार्मिक र ती क्षेत्रका पर्यटन व्यवसायी तथा सरोकारवालासँग अन्तर्क्रिया गरेर फर्किसकेका छन्।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले व्यवसायी स्वयम् जुर्मुराएर अघि बढ्न खोजेको अवस्थामा राज्यले थप सहजीकरण गरेर व्यवसायीलाई राहत दिनुपर्ने बताए। "अहिले सुस्ताएको पर्यटनलाई गति दिन पर्यटन व्यवसायीले विभिन्न सहुलियत प्याकेज अघि सारेका छन्, अब राज्यले थप सहजीकरण गरिदिनुपर्छ," परिषद्का अध्यक्ष भट्टराईले भने, "अहिले बैंकले दिने पुनर्कर्जा केही व्यवसायीले पाए पनि झन्झटिलो प्रक्रियाले धेरै व्यवसायीले पुनर्कर्जा लिनबाट वञ्चित छन्, यसको लागि व्यवस्थित र सरलीकरण गर्न सके व्यवसाय पुनः सञ्चालनमा व्यवसायीलाई सहज हुने थियो।" राज्यले व्यवसाय सञ्चालन कोषमा छुट्टाएको रु ५० अर्ब रकमलाई अविलम्ब कार्यान्वयन गरेर व्यवसायीलाई जीवन्त राख्न पहल गर्नुपर्ने उनको भनाइ छ।

# खाद्य कम्पनीले चिनी नल्याउने

काठमाडौं, ७ पुस/रासस

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले चिनी नल्याउने भएको छ। यसअघि चाडपर्वलाई ध्यानमा राख्दै १० हजार मेट्रिक टन चिनी खरीदको तयारी गरेको कम्पनीले नल्याउने निर्णय गरेको हो। चाडपर्व सकिएको र नेपाली चिनी उद्योगबाट नयाँ चिनी आउने समय भएकाले पुरानो प्रक्रिया रद्द गरिएको कम्पनीका प्रमुख कार्यकारी निर्देशक नेत्रप्रसाद सुवेदीले जानकारी दिए। उनका अनुसार कम्पनीले आह्वान गरेको बोलपत्रमा आवेदन नै नपरेपछि प्रक्रिया रद्द गरिएको हो।

सरकारले गत साउनमा ५० प्रतिशत भन्सार छुटमा दश हजार मेट्रिक टन चिनी खरीदको अनुमति दिएको थियो। सरकारको अनुमति अनुसार कम्पनीले चिनी खरीदका लागि गत भदौ ४ गते ४५ दिनको समय राखेर बोलपत्र आह्वान गरेको थियो।

पहिलो आवेदनमा कुनै निवेदन नपरेको जनाउँदै पुनः बोलपत्र आह्वान तयारी गरेकोमा चिनी ल्याउन नसकिने भन्दै प्रक्रिया रद्द गरिएको हो।

गत साउन १२ गते बसेको मन्त्रिपरिषद् बैठकले साल्ट ट्रेडिङ कर्पोरेशनलाई २० हजार मेट्रिक टन र खाद्य कम्पनीलाई १० हजार मेट्रिक टन गरी दुई संस्थानलाई ५० प्रतिशत भन्सार छुटमा ३० हजार मेट्रिक टन चिनी खरीदको अनुमति दिएको थियो।

साल्ट ट्रेडिङ कर्पोरेशनले दशैंअगाडि नै ल्याएको २० हजार मेट्रिक टन चिनी बिक्री भइसकेको भन्दै नयाँ खरीदका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुमति मागेको छ। खाद्य कम्पनीले हाल साल्ट ट्रेडिङ कर्पोरेशनबाट चिनी लगेर बिक्री गरिरहेको छ। चाडपर्वलाई ध्यानमा राख्दै गत असोज १५ गतेदेखि आगामी माघ २ गतेसम्म सञ्चालन हुने सुपथ मूल्यका पसलमा कर्पोरेशनको चिनी बिक्री भइरहेको खाद्य कम्पनीले जनाएको छ।



तनहुँको बन्दीपुर गाउँपालिका–५ कल्चोकस्थित जलदेवी प्राथमिक विद्यालयका विद्यार्थी सोमवार दिवा खाजा खाँदै। तस्वीरः रासस

## अन्तर्राष्ट्रिय समाचार

# बाइडेनलाई दिइयो कोभिड–१९ को खोप

नेवार्क, डेलावेयर, ७ पुस/एएफपी

अमेरिकी राष्ट्रपति–निर्वाचित जो बाइडेनलाई सोमवार कोरोना भाइरसविरुद्धको खोप दिइएको छ। बाइडेनलाई खोप दिंदा अमेरिकी टेलिभिजनबाट प्रत्यक्ष प्रसारण पनि गरिएको थियो।



अमेरिकी राष्ट्रपति–निर्वाचित जोड बाइडेनलाई कोरोना भाइरसविरुद्धको खोप लगाइँदै। तस्वीरः एपी

अठहत्तर वर्षीय बाइडेनलाई डेलावेयर राज्यको नेवार्कस्थित क्रिस्टियाना अस्पतालमा फाइजरको खोप दिइएको थियो। बाइडेनकी पत्नी जिल बाइडेनलाई पनि यसअघि नै खोप दिइएको थियो।

त्यस अवसरमा बाइडेनले खोप लगाउँदा कुनै चिन्ता नलिन अमेरिकी जनतासँग आग्रह गरेका थिए। हालसम्म तीन लाख १८ हजारभन्दा बढी अमेरिकीको ज्यान लिइसकेको कोरोना भाइरसविरुद्ध खोप लगाउने अभियान अमेरिकाका विभिन्न राज्यमा जारी छ।

उपराष्ट्रपतिमा निर्वाचित कमला ह्यारिस र उनका पतिले भने अर्को साता खोप लिने कार्यक्रम छ।

यसैबीच, उपराष्ट्रपति माइक पेन्स र उनकी पत्नीले गत साता नै खोप लिइसकेका थिए। तर राष्ट्रपति डोनाल्ड ट्रम्पले खोप लिने वा नलिनेबारेमा केही बताएनन्।

अमेरिकामा हाल फाइजर–बायोएनटेकले विकास गरेको खोपका अलावा मोडर्ना फर्मास्युटिकल्सले निर्माण गरेको खोप पनि प्रयोगमा ल्याइएको छ।

**कोलम्बियाले फेब्रुअरीदेखि कोरोनाविरुद्धको खोप दिने**

बोगोटा/सिन्हवा

दक्षिण अमेरिकी मुलुक कोलम्बियाले कोरोनाविरुद्धको खोप आगामी फेब्रुअरीदेखि सर्वसाधारणलाई दिने तयारी गरेको छ।

खोप दिने कार्यक्रमलाई अभियानकै रूपमा अगाडि बढाइने राष्ट्रपति इभान डुक्युले सोमवार जानकारी दिए।

स्थानीय रेडियोलाई दिएको अन्तर्वार्ताका क्रममा उनले परीक्षणको रूपमा खोप दिने कार्य भने यही हप्तादेखि जनवरीको पहिलो हप्तासम्ममा शुरू हुन सक्ने पनि बताए।

सरकारले आफ्ना नागरिकका लागि सबैभन्दा राम्रो गुणस्तरको खोप ल्याउने गरी गृहकार्य गरिरहेको पनि राष्ट्रपति इभानको भनाइ थियो।

कोलम्बियामा अहिलेसम्म १५ लाखभन्दा बढी मानिसमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ भने ४० हजारभन्दा बढीको मृत्यु भएको छ। उनले भने, आफ्ना जनतालाई जोगाउन खोप लगाउनु हाम्रो अनिवार्य जिम्मेवारी हो, हामीले त्यसका लागि गृहकार्य गरिरहेका छौं, आगामी फेब्रुअरीदेखि आमरूपमा खोप लगाउने कार्यक्रम शुरू हुनेछ।

उनले खोप ल्याउने र आमरूपमा लगाउने कार्यका लागि आफूले काम गरिरहेको पनि जानकारी दिएका छन्।

त्यसका लागि भइरहेका सबै प्रक्रिया अत्यन्त महत्त्वपूर्ण भएको र सन्तोषजनक तरीकाले अगाडि बढिरहेको उनले बताए।

**कोरोना भाइरसको नयाँ संस्करणमाथि पनि फाइजर र मोडर्नाको परीक्षण**

वाशिङ्टन, ७ पुस/एएनआई

कोरोना भाइरसको नयाँ संस्करण फैलिएको आशङ्कामा बेलायतमा फाइजर र मोडर्नाको खोप परीक्षण गरिएको छ। यी खोपले नयाँ प्रकारको कोरोनाका लागि पनि काम गर्छ कि गर्दैन भनेर थाहा पाउन परीक्षण गरिएको अधिकारीहरूले जनाएका छन्।

बेलायतमा गरिएको यो परीक्षणबाट त्यसले काम गर्ने वा नगर्नेबारेमा एक हप्तामा मात्रै यकीन हुने जनाइएको छ।

"अहिलेसम्मको विश्लेषण अनुसार मोडर्नाले त्यसका विरुद्धमा काम गर्ने जस्तो देखिएको छ," मोडर्नाद्वारा जारी वक्तव्यमा लेखिएको छ।

यसबारेमा थप विवरण भने आगामी हप्ता जानकारी दिइने पनि वक्तव्यमा जनाइएको छ। परीक्षणका लागि केही रगत सङ्कलन गरेर सम्बन्धित ठाउँमा पठाइएको छ। रासस

# इजरायल–मोरक्कोबीच व्यावसायिक उडान शुरू

तेल अभिभ, ७ पुस/एएफपी

इजरायल र मोरक्कोबीच पहिलो व्यावसायिक हवाई सेवा मङ्गलवारदेखि शुरू भएको छ। इजरायलको तेल अभिभबाट पहिलो विमान मोरक्कोका लागि उडेको स्थानीय टेलिभिजनहरूले प्रसारण गरेका थिए।



तस्वीरः एएफपी

अमेरिकी अग्रसरतामा इजरायल र मोरक्कोबीच सम्बन्ध सामान्यीकरण गर्ने सम्झौता भएसँगै दुवै देशबीच पहिलो व्यावसायिक उडान शुरू भएको हो।

इजरायली विमान सेवा अल एलको पहिलो उडानमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ एवं सल्लाहकार जारेड कुश्नर तथा इजरायली राष्ट्रिय सुरक्षा सल्लाहकार मेइर बेन शाब्बात रहेका थिए। यो विमान मोरक्कोको राजधानी राबातका लागि प्रस्थान गरेको हो।

राबातमा मोरक्को र इजरायली अधिकारीहरूले विभिन्न विषयका सम्झौतामा हस्ताक्षर गर्ने कार्यक्रम रहेको छ।

अमेरिकी मध्यस्थतामा यसअघि अरब मुलुक युनाइटेड अरब इमिरेट्स (युएई)सँग इजरायलको दौत्य सम्बन्ध स्थापना गरिएको थियो। यी दुवै मुलुकले एकअर्का देशमा राजदूतावास खोल्ने, पर्यटकीय गतिविधि सञ्चालन गर्ने, प्रत्यक्ष हवाई उडान गर्ने एवं लगानी गर्नेसमेतका विभिन्न विषयमा सम्झौता गरिसकेका छन्।

यसअघि इजरायलसँग इजिप्ट र जोर्डनले पनि दौत्य सम्बन्ध स्थापना गरिसकेका छन्। खासगरी प्यालेस्टिनीको विषयलाई लिएर अरब राष्ट्रसँग इजरायलको सम्बन्ध वर्षौंदेखि तिक्ततापूर्ण रहिआएको छ। रासस

# सुडानमाथिको अमेरिकी कारबाई अन्त्य

वाशिङ्टन, ७ पुस/एएफपी

अमेरिकी संसद्ले आतङ्कवादी राष्ट्रको सूचीबाट सुडानलाई मुक्त गर्ने प्रस्तावलाई पारित गरेको छ। यो प्रस्ताव पारित भएसँगै सुडानले सबै राष्ट्रसँग मैत्रीपूर्ण सम्बन्ध पुनः कायम गर्ने बाटो खुलेको छ।

सन् २००१ को सेप्टेम्बरमा अमेरिकी दूतावासहरूमा आक्रमणको दोष अमेरिकाले सुडानमाथि लगाउँदै आएको थियो। उक्त घटनामा भएको जनधनको क्षतिबापत करोडौं डलर क्षतिपूर्ति तिर्न सुडान सरकार तयार भएपछि अमेरिकाले सुडानमाथिका प्रतिबन्धहरू हटाउन मञ्जुर भएको हो।

सुडानमाथि आतङ्कवादीलाई प्रश्रय दिने राष्ट्रको सूचीबाट सुडानलाई अमेरिकाले गत साता हटाएको थियो। सुडानले इजरायलसँगको सम्बन्ध सामान्यीकरण गर्न सहमति जनाएको दुई महीना नपुग्दै अमेरिकाले उक्त निर्णय गरेको हो।

कोरोना भाइरस महामारीको चपेटामा परेर आर्थिक सङ्कटमा परेको सुडान अहिले राजनीतिक सङ्क्रमणकालमा रहेको छ। अमेरिकाले सुडानलाई आर्थिक सहायता, ऋण मोचन र लगानीका लागि पनि सघाउने जनाएको छ। सुडानलाई अमेरिकाले ७० करोड आर्थिक सहायताका साथै अन्तर्राष्ट्रिय मुद्राकोषलाई भुक्तानी गर्नुपर्ने थप १२ करोड डलर ऋण चुक्ता गर्न अमेरिकाले सघाउने बताएको छ। अमेरिकामा रहेका सुडान सरकारका बैंक खाताहरू पनि अब खुला हुनेछन्।

सुडानसँगको सम्झौतामा सुडानले १९९८ मा केन्या र तान्जानियास्थित अमेरिकी राजदूतावासमा अलकायदाद्वारा भएका हमलाका पीडितलाई क्षतिपूर्तिबापत ३३ करोड ५० लाख डलर भुक्तानी गर्न सहमति जनाएको थियो।

उक्त हमलाहरू सुडानका तत्कालीन राष्ट्रपति ओमार अल–बसिरको शासनकालमा भएका थिए, जतिबेला आतङ्कवादी सङ्गठन अलकायदाका नेता बिन लादेन सुडानमा रहेका थिए। रासस

# कृषकको केराबारीमा कृषि तथा पशुपक्षी मन्त्रालयकी सचिव

जीतलाल श्रेष्ठ, निजगढ, ७ पुस/

प्रदेश नं २ को कृषि तथा पशुपक्षी मन्त्रालयकी सचिव सम्झना काफ्ले मङ्गलवार निजगढ आएकी छन्।




तस्वीरः प्रतीक

विश्व खाद्य दिवसको अवसरमा प्रदेशभरिको ८ जिल्लाका ८ जना उत्कृष्ट कृषकको छनोटमा निजगढ नपा–९ का केरा उत्पादक कृषक हीरा थापामगर परेसँगै उनको कृषिबालीको निरीक्षण गर्न सचिव काफ्ले आएकी हुन्।

कृषक थापाले उत्पादन गर्दै आएका केराबाली, उखुबाली र अन्य बालीको समेत उनले निरीक्षण गरेकी छन्। उनले आधुनिक कृषि क्षेत्रलाई अघि बढाउन सङ्घीय, प्रदेश र स्थानीय तहले कृषि आधुनिकीकरणलाई विशेष जोड दिइरहेको बताइन्। "परम्परागत कृषि पेशाले मुलुक कृषिमा आत्मनिर्भर हुन सक्दैन। हाम्रो देश कृषि क्षेत्रबाट नै समुन्नत र आर्थिक समृद्धि हुन्छ। त्यसैले तीनै तहका सरकारले कृषिबालीलाई र कृषकहरूको हौसला बढाउन प्रतिबद्ध छ," सचिव काफ्लेले भनिन्।

निजगढ केरा एग्रिकल्चर फर्म दर्ता गरेर कृषक थापाले १२ बिघामा केरा उत्पादन, २ बिघामा उखु उत्पादन र २ बिघामा तोरी, मुसुरो, मकैलगायतका बाली लगाउँदै आइरहेका छन्। स्थानीय कृषकहरूले किसानलाई समयमा मल, बीउबिजनलगायतका आवश्यक सामग्री उपलब्ध हुन नसकेको गुनासो राखेका थिए।

निरीक्षण टोलीमा कृषि ज्ञान केन्द्र बाराका प्रमुख जीतेन्द्रप्रसाद यादव, निजगढ नगरप्रमुख सुरेशकुमार खनाल, उपप्रमुख लीलादेवी लामिछाने, अगुवा केरा उत्पादक कृषक एवं निजगढ केरा ब्लकका अध्यक्ष गोविन्द खरेललगायतको सहभागिता थियो।

प्रदेश सरकारले आफूलाई छनोट गरेकोमा आफू अझै यस पेशामा उत्साही भएको युवा कृषक थापाले बताए। वैदेशिक रोजगारका लागि भारत, मलेसियालगायतका देशमा झन्डै १५ वर्ष बिताए पनि खासै उपलब्धि नभएको तर केही वर्षमै कृषि पेशाबाट आफू उत्साही भएको उनले बताए।

# महानगरद्वारा कर्बिस्तानको लागि बाटोको व्यवस्था

प्रस, वीरगंज, ७ पुस/

वीरगंज महानगरपालिका–३ मा रहेको पुरानो कर्बिस्तानको लागि महानगरपालिकाले सडकको व्यवस्था गरेको छ।

सो वडामा दुईवटा पुरानो कर्बिस्थान रहेको र एउटा बाटोसँग जोडिएको र अर्कोमा बाटो नभएको कारण महानगरपालिकाले साढे २२ लाख खर्चेर ५ धुर जग्गा खरीद गरी बाटोको व्यवस्था गरेको वडाध्यक्ष बैजु स्वर्णकारले बताए। मुस्लिम समुदायको अन्तिम संस्कार गरिने दुईवटा कर्बिस्तानमध्ये एउटा सानो भएको र अर्को १८ कट्ठा जग्गा ओगटेको ठूलो कर्बिस्तानसम्म पुग्न बाटो नभएकोमा समस्या हुँदै आएको थियो।

नगरप्रमुख विजयकुमार सरावगीले कर्बिस्तानका संधियार विशाल श्रेष्ठसँग ५ धुर जग्गा खरीद गरी बाटोको व्यवस्था गरेका हुन्।

बाटोको व्यवस्था भएपछि मुस्लिम समुदायलाई अन्तिम संस्कार गर्न सहज हुने वडाध्यक्ष स्वर्णकारले बताए।

# कौडा खेल्ने पाँचजना पक्राउ

प्रस, वीरगंज, ७ पुस/



तस्वीर सौजन्यः जिप्रका बारा

जिल्ला प्रहरी कार्यालय बाराले कौडा खेलिरहेका पाँचजनालाई नगद रु ३ लाख १४ हजारसहित सोमवार राति पक्राउ गरेको छ।

कलैया उपमहानगरपालिका–४ हजारी मार्केटस्थित शाह गेस्ट हाउसको २०२ नम्बर कोठामा कौडा खेलिरहेका कलैया–२५ बस्ने भोला पटेल, वडा नं १ बस्ने सुरेन्द्र साह सोनार, वडा नं ६ बस्ने राजकिशोर साह, वडा नं २७ बस्ने मन्तोष राउत कुर्मी, महागढीमाई नपा–१ बस्ने पारस चौधरीलाई पक्राउ गरेको जिप्रका बाराले जनाएको छ।

प्रहरीले जुवाको खालबाट नगद तीन लाख चौध हजार बरामद गरेको जिप्रका बाराका प्रवक्ता प्रनाउ गौतम मिश्रले जानकारी गराए।

# लाप्चा खोला आयोजनामा १९ अर्ब ६५ करोड लगानी

काठमाडौं, ७ पुस/रासस

दोलखामा आयोजनास्थल रहेको कूल १६० मेगावाट क्षमताको लाप्चे खोला जलविद्युत् आयोजनाका लागि स्रोत जुटेको छ।

निजी क्षेत्रबाट लगानी हुन लागेको हालसम्मकै ठूलो आयोजनामा नेपालको व्यावसायिक घराना दुगड समूहले लगानी गर्न लागेको हो।

आयोजना निर्माणमा लागि दुगड समूहले नाशा हाइड्रोपावर प्रालिमार्फत काम अगाडि बढाएको छ। आयोजना दोलखा जिल्लाको बिगु गाउपालिकास्थित लाप्चे खोलामा निर्माण हुन लागेको छ। आयोजनामा कूल २६ अर्ब २० करोड लगानी हुनेछ।

आयोजनामा सरकारी स्वामित्वको नेपाल बैंक लिमिटेडको अगुवाइमा विभिन्न नौ बैंक तथा वित्तीय संस्थाले संयुक्त लगानी गर्ने भएका छन्।

सहवित्तीयकरण गरेर उनीहरूले रू १९ अर्ब ६५ करोड लगानी गर्नेसम्बन्धी बहुपक्षीय सम्झौतामा आज हस्ताक्षर गरेका हुन्।

सम्झौतामा लगानीकर्ता रहेको नाशा हाइड्रोपावर प्रालिका अध्यक्ष मोतिलाल दुगड तथा बैंकहरूका तर्फबाट नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले हस्ताक्षर गर्नुभएको हो।

आयोजनामा नेपाल बैंकले रू पााच अर्ब, नेपाल इन्भेष्टमेन्ट बैंकले रू तीन अर्ब ५० करोड, कर्मचारी सञ्चय कोषले रू दुई अर्ब, राष्ट्रिय वाणिज्य बैंकले रू दुई अर्ब, हिमालयन बैंकले रू दुई अर्ब, लक्ष्मी बैंकले रू एक अर्ब ८८ करोड २५ लाख, नेपाल एसबीआई बैंकले रू एक अर्ब, बैंक अफ काठमाडौंले रू एक अर्ब तथा कृषि विकास बैंकले रू एक अर्ब गरी जम्मा रू १९ अर्ब ६५ करोड २५ लाख लगानी गर्ने भएका छन्।

कर्मचारी सञ्चय कोषका प्रशासक तथा हिमालयन बैंकका अध्यक्ष तुलसी गौतमले यो निजी क्षेत्रद्वारा राष्ट्र निर्माणका लागि गरिएको ठूलो आयोजना भएको र यस आयोजनाको सफलतासाथै अन्य आयोजनामा लगानी गर्न सकिएको बताउनुभयो। नाशा हाइड्रोपावर प्रालिका अध्यक्ष दुगडले नेपालकै हालसम्मकै ठूलो वित्तीय लगानी रहेको यस आयोजनामा नेपाल बैंक लिमिटेड तथा अन्य बैंकहरूले साथ दिएकामा खुसी व्यक्त गर्नुभयो। उहााका अनुसार २०७९ साउनसम्ममा सो आयोजनाले व्यापारिक रूपमा विद्युत् उत्पादन शुरू गर्नेछ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | बेचैनी | वृष | धनलाभ |
| मिथुन | सफलता | कर्कट | राज्यलाभ |
| सिंह | रोगभय | कन्या | व्यापारवृद्धि |
| तुला | कडाश्रम | वृश्चिक | सुसमाचार |
| धनु | उदरपीडा | मकर | मित्रमिलन |
| कुम्भ | अतिथिआगमन | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# छोरीको कारण तेजप्रताप थारू घरको न घाटको

प्रस, सेढवा, ७ पुस/

जगरनाथपुर गाउँपालिका–१ पिपडारीका ६९ वर्षीय तेजप्रताप महतो थारू छोरीको कारण घरविहीन भएका छन्।

उनले एकमात्र छोरी मायादेवी थरुनीको नाममा जायजेथा गरेका थिए। अविवाहित छोरीको नाममा जायजेथा गरेका र अहिले विवाहित भएपछि आफ्नो नामको जग्गा बिक्री गरेपछि थारू घरवारविहीन भएका हुन्। अविवाहित हुँदाकै अवस्थामा नेपाली नागरिकता लिएकी मायादेवीको विवाह भारतको बिहारमा भएको थियो। उनले विवाहको केही समयपछि पिताले दिएको ११ कट्ठा १० धुर खेत र ४ धुर ४ कनवा घडेरी बिक्री गरेपछि थारू घरवारविहीन भएका हुन्।

४ धुर ४ कनवामा रहेको घडेरीमा उनी बस्दै आएका थिए। छोरीले खेत बिक्री गरे पनि घडेरी पिताकै नाममा गरिनन्। जसले गर्दा अहिले उनी घरवारविहीन भएका छन्। मायादेवीले स्थानीय मञ्जु देवीलाई सो जग्गा बिक्री गरेको र मञ्जु देवीले तेजप्रतापलाई घरबाट निस्कन बाध्य पारेकी थिइन्। अहिले तेजप्रताप छिमेकीको सहारामा छन्। छिमेकीहरूले नै गाँस, बासको व्यवस्था गर्दै आएका छन्। तेजप्रतापको अवस्था हेरेर गाउँलेहरूले छोरीले बिक्री गरेको घडेरी नम्बरी जग्गासँगै रहेको ऐलानी जग्गामा तेजप्रतापका लागि घर बनाउन चन्दा सङ्कलन शुरू गरेका छन्। २ धुर ५ कनवा ऐलानी जग्गामा घर निर्माणको लागि अहिलेसम्म गाउँलेहरूले रु ५५ हजार सङ्कलन गरिसकेका छन्। गाउँका युवाहरूले ब्लक इँटाको घर निर्माण गर्दैछन्।


तेजप्रताप थारू र उनको घर निर्माणको लागि बालुवा सङ्कलन गरिंदै। तस्वीरः प्रतीक

गाउँलेहरूको यो प्रयासमा अहिले मञ्जु देवीले पुनः अत्तो थापेकी छन्। उनले आफ्नो घडेरीअगाडिको ऐलानी जमीन आफ्नो भएको दाबी गर्दै उच्च अदालत वीरगंज इजलासमा तेजप्रताप महतो थारूसहित घरनिर्माणमा सक्रिय वासुदेव महतो थारू, लक्ष्मी महतो थारूविरुद्ध मुद्दा दिएकी छन्।

तेजप्रतापले छोरीलाई जग्गा दिएर आफूले गलती गरेको बताए। उनले छोरीप्रति विश्वस्त भएर जग्गा दिएको तर उनले नै अहिले बेसहारा गरेको प्रतिक्रिया दिएका छन्। विवाह भएपछि छोरी आउँदा आफूसँग भेट नगर्ने र जग्गा बिक्री गरेको मानिसको घरमा बस्ने गरेको बताए। उनले बुढेशकालमा छोरी सहारा हुन्छ भनेर जग्गा दिएको तर सोको विपरीत भएको भन्दै अफसोस व्यक्त गरे।

# पौने तीन करोडको लागतमा अदालत भवन बन्दै

प्रस, परवानीपुर, ७ पुस/

पर्सा जिल्ला अदालतमा फलामको पौने तीन करोड रुपैयाँको लागतमा तीन तले भवन निर्माण कार्य भइरहेको छ।

पर्सा जिल्ला अदालतमा इजलास, सभाहल र पुरानो फाइल राख्ने छिनुवा शाखाको लागि टेन्डर प्रक्रियाबाट भवनको निर्माण भइरहेको पर्सा जिल्ला अदालतका श्रेस्तेदार कृष्णप्रसाद अधिकारीले बताए।

हालको समयमा अदालतमा सेवाप्रवाह गर्न भौतिक संरचनाको अभाव भएपछि अदालतको मुख्य भवन र जिल्ला सरकारी वकीलको कार्यालयको बीचमा ठेकेदार शिवालय बिल्डर्स काठमाडौंले उक्त भवन निर्माण गरिरहेको उनले जानकारी गराए।

गत फागुनमा ठेकेदारसँग सम्झौता भएको थियो भने माघभित्र काम सम्पन्न हुनुपर्ने शर्त राखिएको छ।

तर कोरोना महामारीको कारण भवन निर्माण कार्य लम्बिएपछि म्याद थप गरेर यसै आवमा काम सकाउने लक्ष्य राखिएको छ।




यसैबीच, चिनीमिलको जग्गा नेपाल सरकारले उच्च अदालत, जिल्ला अदालत र सरकारी वकीलको कार्यालयको लागि ६ बिघा जमीन उपलब्ध गराए पनि तीनवटै कार्यालयको भौतिक संरचना निर्माण शुरू भएको छैन।

# प्रधानमन्त्रीको कदम असंवैधानिक भएको नेकपा बाराको ठहर

प्रस, वीरगंज, ७ पुस/

नेकपा बाराले प्रधानमन्त्रीले संसद् विघटन गरेको घटनाको विरोध गरेको छ।

मदन–आश्रित स्मृति भवन कलैयामा अध्यक्ष क्षेत्रबहादुर श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले संसद् विघटन गरेर प्रधानमन्त्रीले देशमा अस्थिरता सृजना गरेको भन्दै सो कदमलाई जिल्लाले स्वीकार नगर्ने निर्णय गरेको छ।

बैठकले कोरोना महामारीबाट पीडित जनताको सेवा गर्नुपर्ने बेलामा सत्तास्वार्थमा लिप्त भएर पार्टी विभाजन गर्ने प्रधानमन्त्रीको कदम असंवैधानिक र असान्दर्भिक भएको ठहर गर्दै सोविरुद्ध एकजुट हुन कार्यकर्ताहरूलाई अपील गरेका छन्।

नेकपा बाराका नेता मनोज पौडेलले जिल्ला बैठकले प्रधानमन्त्रीको कदमको विरोध गर्दै सोविरुद्ध ऐक्यबद्ध भएर अगाडि बढ्न पार्टीका सबै कार्यकर्ताहरूलाई आग्रह गरिएको बताए



बैठकमा छलफल गर्दै सहभागीहरू। तस्वीरः प्रतीक




# संसद् विघटन भएको खुशियालीमा दीप प्रज्वलन

प्रस, वीरगंज, ७ पुस/

राष्ट्रिय सरोकार मञ्च नेपालले




घण्टाघरमा सोमवार साँझ दीप प्रज्वलन गरेको थियो। संसद् विघटन भएको उपलक्ष्यमा सो संस्थाले दीप प्रज्वलन गरेको हो।

संस्थाका केन्द्रीय संयोजक सोमविक्रम सिंहले दीप प्रज्वलन गर्दै लोकतन्त्रमा जनता असुरक्षित भएको बताए। उनले नेपालमा राजतन्त्रको आवश्यकता जनताले महसूस गरेको दाबी गरे।

मञ्चका नारायणी संयोजक नन्दकिशोर गोयलको अध्यक्षतामा भएको कार्यक्रममा कमल घिमिरे, मकबुल मियाँ, सुनील यादव, उपेन्द्र बरई, अजय तिवारी, अशोक मण्डल, सनी साह, प्रणय कुमारलगायतले दीप प्रज्वलन गर्नुका साथै राजसंस्थाको पुनर्स्थापना र हिन्दू राष्ट्र घोषणा हुनुपर्ने भन्दै नारा लगाएका थिए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |

# बेलायतबाट नेपाल आउने यात्रुलाई रोक

काठमाडौं, ७ पुस/रासस

सरकारले बेलायतबाट नेपाल आउने यात्रुको आगमनमा रोक लगाउने निर्णय गरेको छ। नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले यात्रा प्रतिबन्ध 'ट्राभल रेस्टिरेसन' जारी गर्दै बेलायतमा कोभिड–१९ ले स्वरूप बदलेसँगै सङ्क्रमण तीव्र भएकाले त्यहााबाट आउने यात्रुलाई नेपाल प्रवेशमा रोक लगाइएको जनाएको छ।

बेलायतमा सङ्क्रमण तीव्र भएपछि विश्वका कैयौं देशले उडानमा प्रतिबन्ध घोषणा गरिएको जनाइएका छन्। युरोपेली मुलुक, मध्यपूर्वी तथा कतिपय एशियाली मुलुकले समेत उडान प्रतिबन्ध गरिसकेका छन्।

# अवैध ढुङ्गा ओसार्ने चालक धरौटीमा रिहा

प्रस, निजगढ, ७ पुस/

बाराको निजगढमा बन्न थालेको


नियन्त्रणमा लिएको टच्याक्टर र अवैध ढुङ्गा। तस्वीरः प्रतीक

अन्तर्राष्ट्रिय विमानस्थलको तटबन्धमा प्रयोग गर्न ल्याएको अवैध ढुङ्गा ओसार्ने चालकसहित टच्याक्टरलाई डिभिजन वन कार्यालय बाराले दुई लाख चार हजार धरौटी लिएको छ।

निजगढ बकैया खोलाको पुल दक्षिण–पश्चिमतर्फ तारजालीमा भर्न निजगढ नपा १ र ३ भरतगंजसिगौलस्थित बगर र धन्सार खोलाबाट अवैध तरीकाले ढुङ्गा ओसारिरहेको अवस्थामा टच्याक्टरसहित चालक वन कार्यालयले नियन्त्रणमा लिएको थियो।

तामागढी सबडिभिजन वन कार्यालय निजगढले फरेस्टर हरिशङ्कर चौधरीलाई अनुसन्धान अधिकारी तोकी अनुसन्धान प्रक्रिया अघि बढाउन आदेश दिएको सहायक वन अधिकृत हरिशङ्कर साहले बताए। अनुसन्धानपश्चात् मङ्गलवार डिभिजन वन कार्यालय बारामा मुद्दा दायर गरेसँगै २ लाख ४ हजार धरौटी लिई चालक र टच्याक्टरलाई मुक्त गरिएको डिभिजन वन बाराले जनाएको छ।

सो मुद्दा फछ्र्योट नभइसकेकोले संलग्नहरूको पहिचान गरी आवश्यक कारबाही गरिने डिएफओ मन्जुर अहमदले बताए। त्यसैगरी, ९ दिनअघि राति निजगढबाटै अवैध ढुङ्गा लोड गर्न गएको ना.८ख ४७२४ नम्बरको टिपरसहित चालकलाई पनि नियन्त्रणमा लिई जिल्ला वनले अनुसन्धान गरिरहेको छ।

# जगरनाथपुरमा निश्शुल्क आँखा शिविर

प्रस, वीरगंज, ७ पुस/

माट्रिका आई फाउन्डेशनको


शिविरमा सहभागीता जनाउँदै मेयर विजयकुमार सरावगी। तस्वीरः सौजन्य

प्राविधिक सहयोग र वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीको निजी खर्चमा जगरनाथपुरमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ। जगरनाथपुर गापा–३ खलउचडी टोलमा आयोजित शिविरको नगरप्रमुख सरावगीले उद्घाटन गरेका थिए। शिविरमा ४८५ जनाको आँखा परीक्षण गर्दा २८५ जनामा मोतीबिन्दु समस्या देखिएको फाउन्डेशनका संयोजक महेशसिंह धामीले बताए। शिविरमा जगरनाथपुर गापाका अध्यक्ष जालीम मियाँ, उपाध्यक्ष बिस्मिल्लाह खातुन, जसपाका केन्द्रीय सदस्य वीरेन्द यादव, पूर्वमन्त्री मोहनलाल चौधरी, कृष्णमोहन यादव, शरीफ गद्दीलगायत सहभागी थिए। मोतीबिन्दु भएकाहरूको फाउन्डेशनले निश्शुल्क शल्यक्रिया गर्ने जनाएको छ।

# पर्सागढीका चोकहरूमा आगोको व्यवस्था

प्रस, पर्सागढी, ७ पुस/

सबैया साझेदारी वन समूहले आफ्नो




क्षेत्र अन्तर्गतका चोकहरूमा आगो बालेको छ। बढ्दो चीसोसँगै स्थानीयलाई राहत दिन पर्सागढी नगरपालिका अन्तर्गतका चोकहरूमा समूहले दाउरा उपलब्ध गराइ आगो बालेको हो। सबैया साझेदारीका अध्यक्ष लखनलाल साहले केही वडाका सार्वजनिक चोकमा दाउरा उपलब्ध गराएर आगो बालिएको बताए।